## पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषय परिचय

पिता श्रीध्वज र माता नरमाया बस्नेतका ज्येष्ठ सुपुत्रका रूपमा वि.सं. २००३ वैशाख २३ गते कोशी अञ्चल सुनसरी जिल्लाको मधेसा गा.वि.स. मा जन्मिएका उपेन्द्र पागलको वास्तविक नाम उपेन्द्र बस्नेत हो । विद्यार्थी कालदेखि नै चित्रकला लेखन र अभ्यासतर्फ लागेका पागलले वि.सं. २०१४ मा **पागल** नामक शीर्षकको कविता प्रकाशन गरी साहित्य क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका हुन् ।

नेपाली साहित्यमा सक्रियताका साथ निरन्तर रूपमा कलम चलाउने कवि उपेन्द्र बस्नेत पागलको **शीतको थोपा** खण्डकाव्य (२०४५) **जीवन भागिरहेछ** समसामयिक कविता संग्रह (२०४६) **यात्रा अल्मलिरहेछ** समसामयिक कविता संग्रह (२०४७) **गोरेटोको खोजी** समसामयिक कविता संग्रह (२०५४) **अलमलिएका पाइलाहरू** कविता संग्रह (२०६२) **विश्व शाक्यका ७ हास्यव्यंग्य कृतिहरूको अध्ययन र मूल्यांकन** संयुक्त समालोचना संग्रह (२०६२) **उपेन्द्र पागलका निबन्धहरू** निबन्ध संग्रह (२०६२) **क्युरियो पसलको बुद्ध मूर्ति** समसामयिक कथा संग्रह (२०६३) **कवि श्यामकृष्ण श्रेष्ठका समग्र कृतिहरूको अध्ययन समालोचना** (२०६५) **मोफसल समालोचना** आख्यान/निबन्ध (२०७०) जेष्ठ, **मोफसल समालोचना** कविता/काव्य (२०७०) जेष्ठ, आदि प्रकाशित भएका छन् ।

बस्नेतले साहित्यिक कृति विभिन्न पत्र-पत्रिकाका साथै अनेकौं कृतिहरूको समालोचना तथा सम्पादन गरेका छन् । नेपाली साहित्यमा सक्रियताका साथ निरन्तर रूपमा क्रियाशील उपेन्द्र पागल बस्नेत विभिन्न साहित्यिक सामाजिक संघ-संस्थाहरूद्वारा पाँच दर्जन भन्दा बढी सम्मान तथा पुरस्कारबाट सम्मानित भएका छन् । कवि उपेन्द्र बस्नेत पागलद्वारा लिखित विविध साहित्यिक कृतिहरूका बारेमा

अनेकौं व्याख्या तथा विश्लेषण भइसकेको भए तापनि बस्नेतका काव्यकारिताका बारेमा विस्तृत र गहन अध्ययन तथा अनुसन्धान भएको पाइँदैन । यही अभावको परिपूर्तिका लागि यो शोधकार्य अघि बढाइएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका मुक्तक, गजल, कविता, खण्डकाव्य, कथा, निबन्ध, समालोचना, आदि विधामा कलम चलाउन सफल उपेन्द्र 'पागल' बस्नेतका विभिन्न साहित्यिक कृतिहरूको अध्ययन, विश्लेषण भए तापनि समग्र कविता तथा खण्डकाव्यको अध्ययन हुन सकेको छैन । अत : प्रस्तुत शोधकार्यमा उपेन्द्र पागल बस्नेतका काव्यकारितालाई अध्ययनका समस्याका रूपमा लिइएको छ । यसै समस्या सँग निम्नानुसारका शोध प्रश्नको समाधानमा यो शोध केन्द्रित छ :

(क) उपेन्द्र बस्नेत पागलको काव्ययात्राको विकास के कस्ता चरणहरूमा भएको छ ?

(ख) उपेन्द्र बस्नेत पागलका खण्डकाव्यमा के कस्ता विधातात्त्विक विशेषता फेला पर्दछन् ?

(ग) उपेन्द्र बस्नेत पागलका फुटकर कवितामा के कस्ता विधातात्त्विक विशेषता भेटिन्छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरूलाई निम्नलिखित बुँदामा समेटिएका छन् :

(क) उपेन्द्र बस्नेत पागलको काव्ययात्राको विकासका चरणहरूको पहिचान गर्नु ।

(ख) उपेन्द्र बस्नेत पागलका खण्डकाव्यको विधातात्त्विक विशेषताको विश्लेषण गर्नु ।

(ग) उपेन्द्र बस्नेत पागलका फुटकर कविताका विधातात्त्विक विशेषताको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्यको मुख्य समस्या काव्यकारिताका आधारमा उपेन्द्र बस्नेत पागलका कवितासंग्रह तथा खण्डकाव्यको विश्लेषण गर्नु रहेको छ । यस मुख्य समस्याको समाधानले प्रस्तुत शीर्षकसँग सम्बद्ध के-कति-कसरी र कस्ता पूर्वकार्यहरू भएका छन् त्यसको व्यवस्थित अध्ययन गर्नु आवश्यक छ । तसर्थ बस्नेतका काव्यकारिता तथा अन्य कविता संग्रहका साथै खण्डकाव्यको अध्ययनसँग सम्बद्ध विभिन्न विद्वान तथा लेखकका कृतिहरू, लेख, शोधपत्र र पत्र-पत्रिकाहरूमा प्रकाशित भएका समीक्षात्मक कार्यलाई वर्णनात्मक र कालक्रमिक रूपमा अध्ययन गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

टीकाप्रसाद शर्मा (२०४६) ले उपेन्द्र पागलको **जीवन भागीरहेछ** मा आशांसा व्यक्त गर्दै प्रतिभाको परिपाक उमेर अनुसारको विचारको प्रौढता, अभ्यासको परिष्कार, विषय छनौटको तिख्खरता एवं स्वभाविकता, निश्छलता र स्वच्छताका कारण कविको उत्तरोत्तर विकास स्पष्टिएको धारणा राखेका छन् ।

टीकाराम अर्याल (२०४६) ले **जुही ५१** मा उपेन्द्र पागलको चिनारी दिँदै उनी भावुक, देशभक्त, कर्मठ, भौतिकवाद र अध्यात्मवाद दुवैलाई संगै डोऱ्याएर हिँड्ने, सबैमा चेतनाको बिगूल फुक्दै अघि बढिरहेका यात्री हुन् भन्ने विचार व्यक्त गरेका छन् ।

छविलाल पोखेल (२०४६) ले उपेन्द्र पागलको **जीवन भागिरहेछ** नामक कविता संग्रहमा 'केही कुरा' मन्तव्य राख्दै पागलका पथहरूमा प्रचीन महापुरुष, प्राचीन सद्ग्रन्थ र संस्कृतिमा श्रद्धा र आस्था रहेको विचार व्यक्त गरेका छन् ।

खगेन्द्र निरौला (२०४८) ले **नेपाल परिचय** मा भाषा र साहित्यको परिचय दिने क्रममा आधुनिक कालका कविहरूमा उपेन्द्र पागलको नाम पनि लिन सकिने धारणा राखेका छन् ।

तारानाथ शर्मा (२०५१) ले **नेपाली साहित्यको इतिहास** मा अत्याधुनिक कविहरूको सूचीमा उपेन्द्र पागलको नाम समेट्दै उनका प्रकाशित अघिल्ला तीन कृतिहरूको नामसमेत उल्लेख गरेका छन् ।

नरेन्द्र चापागाँई (२०५१) ले **केही सिद्धान्त केही विश्लेषण** मा केही बूढा पुराना तथा नयाँ फाँटका कविहरूको विवरण प्रस्तुत गर्ने क्रममा पागललाई उल्लेख गर्दै उनका कवितामा अन्तर्वस्तुको तरलता, सांगीतिक चेतना, लयात्मकता र अन्तर् अभिव्यञ्जनाको प्रभावकारिता रहेको तथा भाव चेतनाबाट कलात्मक अभिव्यञ्जना र कलाबाट भावचेतनात्मक अभिव्यञ्जना पनि पागलका कवितामा पाइने विशेषता हो भन्ने विचार व्यक्त गरेका छन् ।

वासुदेव त्रिपाठी (२०५४) ले उपेन्द्र पागलको **गोरेटोको खोजी** नामक कविता संग्रहमा 'मन्तव्य' राख्दै आफ्ना हृदयका सूक्ष्मतम अन्तर्भावलाई भाषाले छेकिदिएको पीडा र ती मानवीय सम्बेदना स्वस्फूर्त रूपमा नै सङ्केतित हुने विश्वास उनका कतिपय कविताहरूमा छन् भन्ने धारणा राखेका छन् ।

अनिरुद्ध तिम्सिना (२०६१) ले **साहित्य सौगात** (वैशाख-असार) त्रैमासिक पत्रिकामा उपेन्द्र पागलको काव्यकारिताको चर्चा गर्दै कविताको अनुवाद हुन कठिन हुन्छ, कविता अतर्क्य र ठोस हुन्छ भन्ने मान्यतासंग साम्य राख्ने कवि पागल सौन्दर्य नै सत्य हो र सत्य, सुन्दर र शिव पनि हुन्छ भन्ने सूक्तिमा विश्वास गर्ने कवि भएको विचार प्रकट गरेका छन् ।

चूडामणि रेग्मी (२०६१) ले **जुही** त्रैमासिक (चैत, वैशाख, जेठ) पत्रिकामा कवि उपेन्द्र पागल विशेषाङ्क प्रकाशित गरेका छन्, जसमा उपेन्द्र पागलसंग सम्बन्धित विभिन्न ४६ जना लेखकहरूका लेख/रचनाहरू सङ्कलित छन् ।

जीवन भट्टराई (२०६१) ले **उपेन्द्र बस्नेत पागलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा उपेन्द्र पागललाई स्वच्छन्दतावादी कविका रूपमा चिनाएका छन् ।

दधिराज सुवेदी (२०६१) ले **जुही** त्रैमासिक (चैत, वैशाख, जेठ) पत्रिकामा उनी जीवन जानेर कविता लेख्छन् त्यसैले कवि हुन् । उनी जगत छामेर कला सिर्जना गर्छन् त्यसैले कलाकार हुन् । उनी कल्पना गर्छन्, कविता लेख्छन्, चिन्तन गर्छन्, कला कोर्छन् त्यसैले नबुझ्नेहरू उनलाई पागल भन्छन् भन्ने धारणा राखेका छन् ।

खेमराज ओझा (२०६४) ले **कवि उपेन्द्र बस्नेत 'पागल' का कविताको अध्ययन** शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्रमा उपेन्द्र बस्नेत पागललाई स्वच्छन्दतावादी प्रगतिवादी कविका रूपमा चिनाएका छन् ।

यसरी विभिन्न विद्वान तथा समीक्षकहरूद्वारा विभिन्न पुस्तक तथा पत्र-पत्रिकामा पागलको कवित्वका सम्बन्धमा सामान्य चर्चा परिचर्चा भएको पाइन्छ, तापनि उनको कवित्वको सर्वाङ्गीण मूल्याङ्कन हुन नसकेका परिप्रेक्षमा प्रस्तुत शोध कार्यमा पागलका कवित्वको सर्वपक्षीय अध्ययन, अनुसन्धान एवं मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

प्रस्तुत शोधकार्यमा उपेन्द्र बस्नेत पागलका काव्यको अध्ययन गरिएको छ र यो कार्य मौलिक भएको हुनाले प्रस्तुत शोध औचित्यपूर्ण भएको छ । उपेन्द्र बस्नेत पागलको काव्यकारिता शीर्षकमा व्यवस्थित रूपमा तयार गरिएको यस अध्ययनकार्यले साहित्यिक अध्येतालाई काव्यकारिताका कोणबाट कृतिहरूको विश्लेषण एवं मूल्याङ्कन गर्न सहयोग गर्नेछ । यस विषय वा शीर्षकमा हालसम्म कुनै अध्ययन वा विश्लेषण नभएको परिप्रेक्षमा यस विषयबारेको अध्ययन र विश्लेषणबाट

प्राप्त प्राज्ञिक निष्कर्षले विशेष गरी पाठक समालोचक शोधार्थी र बुद्धिजीवी सबैलाई लाभ पुऱ्याउने हुँदा यस अध्ययनको औचित्य स्पष्ट छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य कवि उपेन्द्र बस्नेत पागलका कविता काव्यहरूको अध्ययनसँग सम्बन्धित रहेको छ । पागलले कविता, खण्डकाव्य, निबन्ध, कथा, समालोचनाका साथै विभिन्न लेख, मुक्तक, गजल आदि रचेका छन् । यस शोध कार्यमा पागलका चार कविता संग्रह, खण्डकाव्यको विश्लेषण गरिएको छ । उनका विभिन्न पत्र पत्रिकामा प्रकाशित फुटकर रचनाको भने अध्ययन गरिएको छैन ।

## १.७ शोधविधि

### १.७.१ सामग्री संकलनविधि

प्रस्तुत शोधकार्यसँग सम्बन्धित सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय अध्ययनका आधारमा गरिएको छ । पागलका काव्यसँग सम्बन्धित लेख तथा रचनाको अध्ययन गरी उनको काव्यकारितासँग सम्बन्धित र आवश्यक सामग्री संकलन गरिएको छ । पागलको **शीतका थोपा** नामक खण्डकाव्य तथा **जीवन भागीरहेछ, यात्रा अलमलिरहेछ, गोरेटोको खोजी, अलमलिएका पाइलाहरू** नामक चार कवितासंग्रहका पठनबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

### १.७.२ विश्लेषण विधि

उपेन्द्र बस्नेत पागलका खण्डकाव्यको विश्लेषण शीर्षकीकरण, संरचना, भाषाशैली, लयविधान, भाव/विचार, सर्गयोजना, उक्तिढाँचा, विम्ब र प्रतीक विधान, आयाम जस्ता आधारमा गरिएको छ । उनका फुटकर कवितालाई शीर्षकीकरण, संरचना, भावविधान, वैचारिक स्वर, लयविधान, उक्तिढाँचा र भाषाशैलीका आधारमा केलाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : उपेन्द्र बस्नेत पागलको व्यक्तित्व

तेस्रो परिच्छेद : उपेन्द्र बस्नेत पागलको कवितायात्रा र काव्यप्रवृत्ति

चौथो परिच्छेद : उपेन्द्र बस्नेत पागलका खण्डकाव्यको विश्लेषण

पाचौँ परिच्छेद : उपेन्द्र बस्नेत पागलका कविताहरूको विश्लेषण

छैटौं परिच्छेद : सारांश तथा निष्कर्ष

## दोस्रो परिच्छेद

# उपेन्द्र बस्नेत पागलको व्यक्तित्व

### २.१ वंश परिचय

पूर्व ३ नम्बर रामपुर, बाखेबाट जिजु हजुरबुबा कर्णवीर बस्नेत र पत्नी विष्णुमायाका साथ किसानी जीवनलाई व्यतीत गर्दै भोर्लाका पातका माध्यमबाट दूधकोशी तरेर हालको खोटाङ् दिक्तेल अन्तर्गत पर्ने हलेसी मंगलटार भन्ने ठाउँमा बसाइँ सरी आएका थिए । उनै कर्णवीरका छोरा रुद्रवीर र पत्नी थलमायाका छ भाई छोराहरू मध्ये पाँचौ भाई जङ्गवीर थिए । उनै जङ्गवीरका आठ भाई छोरामध्ये काहिँलो भाई श्रीध्वज र नरमायाबाट पाँच छोराहरू क्रमश : उपेन्द्र, छत्रबहादुर, जीतेन्द्र, प्रेम, र श्यामबहादुर जन्मिएका थिए ।

यसरी श्रीध्वज बस्नेत र नरमायाबाट जन्मिएका पाँच भाई छोराहरूमध्ये पहिलो पुत्रका रूपमा उपेन्द्र बस्नेतको जन्म भएको देखिन्छ ।

### २.२ जन्म र बाल्यकाल

पुर्ख्यौली थलो खोटाङ्को हलेसी, मङ्गलटार भएपनि पिता श्रीध्वज बस्नेतले रावा धारापानीमा आफ्ना मावली दलबहादुर निरौलाका घरमा बसी आफ्नो बाल्यकाल र युवावस्था बिताएको र मावलीबाटै वि.सं. १९९० फागुन २० गते नजिकैको गाऊँ धारापानी, भोर्लेनी निवासी नैनध्वज कटुवालकी माहिली छोरी नरमायाका साथ विवाह गरेको पाइन्छ । यिनै युगलका कोखमा उपेन्द्र बस्नेतको वि.सं. १९९९ पौष ५ गतेका दिन ज्येष्ठ सुपुत्रका रूपमा सुनसरी जिल्लाको मधेसा गा.वि.स. वार्ड नं. १ मा जन्म भएको थियो । तराइमा औलोको प्रकोप बढी हुने कारणले मावली हजुरबुवा तराइमा आई आमासहित उनलाई रावा, धारापानी, भोर्लेनीमा नै लगेर हुर्काएको देखिन्छ *(उपेन्द्र बस्नेतबाट प्राप्त जानकारी अनुसार)* ।

मावली घर छेउमै आफ्नो पनि घर भएका कारण बालक उपेन्द्रको बसोबास दुवैतर्फ भएको देखिन्छ । मामाघरमा बस्दा भैंसी,बाख्राहरू हेर्ने गरेको र गाउँका केटा-केटीहरूसँग खेल्ने कार्यमा नै बाल्यकाल बिताएको देखिन्छ ।

## २.३ शिक्षादीक्षा

उपेन्द्र बस्नेतका मामा सकसबहादुर कटुवाल भोर्लेनी क्षेत्रका साक्षर व्यक्ति भएका हुनाले गाउँलेहरूका चिठी-चपेटा, लेनदेनका तमसुकहरू लेख्ने गर्थे । उपेन्द्र प्राय : मामासँगै गाउँघर डुल्ने भएकाले ४/५ बर्षकै उमेरमा मामाबाट उनको अक्षरारम्भ हुन पुगेको देखिन्छ । पछि गाउँकै एक सेवानिवृत्त सिपाहि बुद्धिबहादुर मगरसँग बिहानको समयमा पढेर नेपाली अक्षर, अङ्क र अङ्ग्रेजीका अक्षरहरू चिनेका थिए ।

पहाडमा रहेका बेला काठको फलेकमा धूलोमाटो फिँजाएर अक्षर कोरेका र पछि कमेरो माटोको मसीले फलेकमा लेखेका अनि केहि समयपछि बाँसका पटेसहरूलाई कागजको संज्ञा दिएर सिमीका पातको मसी बनाइ उत्साहका साथ लेख्ने गरेको बताउँछन् ।

वि.सं. २००७ भन्दा अगाडिको समय नेपाली जनताले औपचारिक शिक्षाबाट वञ्चित नै रहनु परेको अवस्थामा पनि आमा बाबाहरूमा शिक्षा अनिवार्य वस्तु हो भन्ने चेतना रहेकै कारण उपेन्द्रलाई २००७ सालतिर तराइको आफ्नो घरमा ल्याइएको थियो । उनलाई तराईमै छाडेर आमा पहाडतर्फ बसोबास गर्न थालिन् । उनी भने नयाँ लत्ता-कपडाको लोभमा परी दाईकोमा नै बसोबास गर्न थालेको बताउँछन् ।

आमाले छाडेर गएको भोलीपल्ट नै उनलाई पढाउनका लागि धरानतर्फ लगिएको थियो । काका कृष्णबहादुर अधिकारीले धरानका पण्डित गणेशप्रसाद सुवेदीका घरमा पुऱ्याएर फर्केपछि उनै पण्डितका छोरा भैरव सुवेदी सहित उनलाई

धरानको पब्लिक हाईस्कूलमा नाम लेखाइएको थियो । केहि महिना त्यस स्थानमा अध्ययन गरी वि.सं. २००८ मा छात्र उपेन्द्र पुन : पिण्डेश्वर संस्कृत महाविद्यालय गई संस्कृत अध्ययन गर्न थालेको पाइन्छ

अध्ययनका क्रममा केवल किताबी शिक्षामात्र नलिएर विद्यालयीय विभिन्न क्रियाकलापहरूमा समेत भाग लिने गरेका उपेन्द्र फुटबल, भलिबल, व्याडमिन्टन, आदि खेलका साथै साहित्यिक क्रियाकलापहरूमा समेत उत्तिकै सक्रिय रहेका देखिन्छन् । नाटकहरूमा अभिनय गर्नु, नृत्य गर्नु, चित्रकला र मूर्तिनिर्माण गर्नु, कविता, कथा, निबन्ध लेख्नु जस्ता कार्यहरूमा पनि भाग लिने गरेको पाइन्छ ।

उत्तरमध्यमा पछिको पढाइ पिण्डेश्वर संस्कृत महाविद्यालयमा नभए पश्चात् शास्त्री पढ्नका लागि कि वनारस कि काठमाडौँ जानुपर्ने अवस्था आएको हुँदा घरको अवस्था निकै कमजोर रहेका कारण त्यस बखत उनको पढाइ स्थगीत हुन पुगेको देखिन्छ । त्यहि समय अर्थात् वि.सं. २०२० मा आफु बसोवास गर्दै आएको गाऊँ पञ्चायतले नै आफुलाई सचिव पदमा रहि काम गरिदिन अनुरोध गरेकाले करिब एक वर्ष काम गरेर जम्मा पारी काठमाडौँ गई पुन : पढ्ने मनसायले जागिर खान थालेको तर जागिरले नफुत्कने गरी समातेकाले उनको पढ्ने सपना पुरा नभएको बताउँछन् *(उपेन्द्र बस्नेतबाट प्राप्त जानकारी अनुसार)* ।

वि.सं. २०३१ को अन्त्यतिर धनकुटाबाट सुनसरी जिल्ला हुलाक, धरानमा सरुवा भई आएपछि उच्च शिक्षाको सुरुवात गर्ने मनसायले निजी शिक्षार्थीका रूपमा फारम भरी तत्कलीन पिण्डेश्वर संस्कृत विद्यापीठबाटै परीक्षा दिई द्वितीय श्रेणीमा शास्त्री तह उत्तीर्ण गरेको देखिन्छ ।

वि.सं. २०४५ मा हुलाक सेवा विभागको जागीर विभाग परिवर्तन गरी अञ्चल सूचना केन्द्र विराटनगरमा आएपछि विराटनगरको स्नातकोत्तर क्याम्पसमा त्यसै वर्षदेखि नेपाली विषयको पनि पढाइ हुन थालेकाले नियमित विद्यार्थीका रूपमा

प्रवेश भई वि.सं. २०४७ मा नेपाली स्नातकोत्तर परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ ।

वि.सं. २०४५ मा नै सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ्बाट पनि एकवर्षे बी.एड् परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ ।

## २.४ दाम्पत्य जीवन र सन्तान

जैविक आवस्यकताका दृष्टिले मात्र नभएर सामाजिक र मानवीय कर्तव्यका रूपमा समेत वैवाहिक जीवनको ठूलो महत्त्व रहि आएको छ । मानवीय संस्कारहरू मध्ये वैवाहिक सम्बन्धलाई सबैभन्दा ठूलो संस्कार मानिन्छ । उपेन्द्रको वैवाहिक संस्कार वि.सं. २०१४ फागु पूर्णिमाका आस-पासमा मधेसा गा.वि.स. वडा न. ८ निवासी जीतबहादुर कार्किकी जेठी छोरी वृन्दा सँग भएको बुझिन्छ । आफ्ना अभिभावकहरूले रहर पुऱ्याउन खोज्दा आफु बाल-विवाहको चपेटामा परेको धारणा उनी व्यक्त गर्दछन् ।

वि.सं. २०१४ मा विवाह भएपछि वि.सं. २०१६ मा एउटा छोरो जन्मिएको तर पेन्सिलिन इन्जेक्सनको उल्टो प्रतिक्रिया भएका कारण राम्रो उपचार हुन नसकेर वि.सं. २०२१ मा उसको मृत्यु भएको बुझिन्छ । वि.सं. २०२४ तिर अर्को छोरो पनि जन्मिएको तर उ पनि ३/४ वर्षकै उमेरमा दादुरालाई कारण बनाइ दाजुकै बाटो लागेको बुझिन्छ । त्यस समयमा गाउँमा उपचारको राम्रो प्रबन्ध नभएको र मानिसको जीवन भाग्यवादी वा धामी-झाँक्रीमा निर्भर रहने गरेको देखिन्छ । उपेन्द्रका करीब एक दर्जन जति सन्तान जन्मिए पनि छ वटी छोरीहरूमात्र बाँच्न सफल देखिन्छन् । यिनीहरू पनि भाग्यकै वरदान हुन् कि ! भन्ने धारणा उनको रहेको छ । हाल सबै छोरीहरूको विवाह भई सबै आ-आफ्नो गार्हस्थ जीवनमा संलग्न रहेको पाइन्छ ।

श्रीमती वृन्दा बस्नेतले सबै छोरीहरूलाई आई.ए. सम्म र आफुलाई एम्.ए. र बी.एड् सम्मको अध्ययन गर्ने वातावरण मिलाएर सहयोग पुऱ्याए तापनि उनलाई साक्षर सम्म बनाउन नसकेकोमा उनि पछुताएर बाँच्नु परेको धारणा राख्दछन् *(उपेन्द्र बस्नेतबाट प्राप्त जानकारी अनुसार)*।

## २.५ पेसा तथा आर्थिक अवस्था

कवि उपेन्द्रले उत्तरमध्यमा सम्मको अध्ययन पूरा गरी वि.सं. २०२० मा करीब एक वर्ष गा.वि.स. सचिव भई मासिक रु १०० मा जागिरे पेसा सुरु गरेको देखिन्छ । जागिरको सिलसिलामा एकै ठाउँमा र एकै पदमा बसेर कार्य गरको नपाइए पनि विभिन्न क्षेत्रमा रहँदा इमान्दारिका साथ कार्य सम्पन्न गरेको बताउँछन् । यिनले वि.सं. २०२० जेष्ठ आठ गते देखि वि.सं. २०२१ भाद्र ७ गते सम्म गा.वि.स. सचिव पदमा रहेर काम गरेको र त्यसै अवधिमा सो स्थानलाई आदर्श गा.वि.स. निर्माण गरे बापत उनले रु. एक हजार पुरस्कार प्राप्त गरेको बताउँछन् ।

वि.सं. २०२१ कार्तिक ९ गतेदेखि तत्कालीन जिल्ला पञ्चायतमा छ महिना सम्म मुखिया स्तरको प्रचार असिस्टेन्ट पदमा रहेका र छ महिना पछि खरिदार स्तरको प्रचार अफिसर पदमा नियुक्त भई वि.सं. २०२५ श्रावण महिना सम्म कार्य गरेको देखिन्छ । वि.सं. २०२४ मा जनकपुरबाट विकास तर्फको नायब सुब्बा पदको लोकसेवा आयोगको परीक्षा उत्तीर्ण गरी वि.सं. २०२५ श्रावण २८ गते देखि धरानमा हुलाक सेवा विभागको हाकिम भइ कार्य गरेको बताउँछन् भने वि.सं. २०२९ देखि जिल्ला स्तरीय हुलाकको नायब सुब्बा पदमा पनि कार्य गरेको बताउँछन् । त्यस्तै वि.सं. २०३६ देखि हुलाकको कायम मुकायम प्रवर हुलाक हाकिम समेत भइ मोरङ, झापा, उदयपुर आदि स्थानमा वि.सं. २०४४ कार्तिक १८ गतेसम्म कार्य गरेको देखिन्छ । जागिरकै सिलसिलामा विभाग परिवर्तन गरी वि.सं. २०४५ कार्तिक १९ गतेदेखि कोशी अञ्चल सूचना केन्द्र, विराटनगरको नायब सुब्बा हाकिम पदमा बहाल रहि वि.सं. २०४९ फाल्गुन २८ गतेसम्म कार्य गरेको पाइन्छ । अञ्चल सूचना

केन्द्रको दरवन्दी खाली भएपछि इनरुवा हुलाकमा वि.सं. २०४९ फाल्गुन २९ गतेदेखि वि.सं. २०५१ ज्येष्ठ २४ गतेसम्म करीब पन्ध्र महिना कार्य गरेको पाइन्छ ।

दरबन्दी मिलानका क्रममा विराटनगर हवाइ कार्यालयको नायक सुब्बा पदमा रही वि.सं. २०५१ ज्येष्ठ २४ गतेदेखि वि.सं. २०५१ चैत्र ११ गतेसम्म कार्य गरेको देखिन्छ । जागिरकै क्रममा विभाग परिवर्तन गरी वि.सं. २०५१ चैत्र ११ गतेदेखि निर्वाचन आयोगको नायव सुब्बा पदमा जिल्ला प्रशासन कार्यालयमा रही कार्य गरेको देखिन्छ । त्यस्तै वि.सं. २०५६ सालको चैत्रदेखि जिल्ला निर्वाचन कार्यालय, सुनसरीमा नायव सुब्बा र कायम मुकायम समेत रही वि.सं. २०६० साल चैत्र २१ गतेदेखि वि.सं. २०६१ बैशाख २० गतेसम्म अधिकृत तहमा बढुवा भई वि.सं. २०६१ बैशाख २१ गतेदेखि प्राज्ञिक सेवा तर्फ सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुरमा सहायक प्राध्यापक पदमा रही वि.सं.२०५२ भाद्र १३ गतेदेखि अस्थायी र वि.सं. २०६१ बैशाख २१ गतेदेखि वि.सं. २०६६ भदौसम्म स्थायी दरवन्दीमा पनि काम गरेको बताउँछन् । झण्डै पाँच दशक लामो सरकारी जागीरको व्यवस्था हुँदाहुँदै पनि कवि उपेन्द्रको आर्थिक अवस्था त्यति सुदृढ नदेखिए तापनि साहित्यिक फाँटमा भने प्रखर व्यक्तित्वका रूपमा देखिन्छन् *(उपेन्द्र बस्नेतबाट प्राप्त जानकारी अनुसार)* ।

## २.६ सम्मान तथा पुरस्कार

पुरस्कार भन्नाले आर्थिक लाभमात्र नभइ हौसला, सम्मान र प्रोत्साहनको विषय हो । अत : पुरस्कारले कुनैपनि व्यक्तिलाई लगनशील, कर्तव्यनिष्ठ र उत्साहित बनाएर आफ्नो कार्यमा निरन्तर जुट्ने प्रेरणा प्रदान गर्दछ । त्यस्तै कवि उपेन्द्र पागल बस्नेतले साहित्य साधनामा लामो समय व्यतित गरेका छन् । उनको साहित्यिक योगदानको मूल्याङ्कन गर्दै उनलाई विभिन्न सङ्घ-संस्थाबाट सम्मान तथा पुरस्कारहरू प्राप्त भएका छन् । जसलाई निम्नानुसार देखाइन्छ :

(क) २०१८ सालमा विद्यालय स्तरीय चित्रकला प्रतियोगिता पुरस्कार,

(ख) २०२० सालमा सुनसरी जिल्ला स्तरीय चित्रकला प्रतियोगिताबाट पुरस्कृत,

(ग) २०३३ सालमा श्री ५ वीरेन्द्र शुभजन्मोत्सव समारोहमा चित्रकला तृतीय,

(घ) २०३६ सालमा शुभ राज्याभिषेक पदक प्राप्त,

(ङ) २०४५ सालमा खण्डकाव्य **शीतका थोपा** का लागि षडानन्द प्रतिभा पुरस्कार,

(च) २०५९ सालमा जुही साहित्यिक पत्रिका झापाद्वारा जुही नवरत्न सम्मान,

(छ) २०६१ सालमा नेपाल निजामति कर्मचारी संगठनद्वारा अभिनन्दन,

(ज) २०६१ सालमा लेखनाथ वाचनालय तथा पुस्तकालय चन्द्रगढी झापाद्वारा सार्वजनिक अभिनन्दन र सम्मान,

(झ) २०६३ सालमा युनिभर्षल पिस फेडरेषन नेपालद्वारा शान्तिका राजदूत उपाधि प्रदान गर्दै सम्मानित,

(ञ) २०६३ सालामा जीवन स्मृति प्रतिष्ठान दमक झापाद्वारा जीवन स्मृतिसम्मान पुरस्कार,

(ट) २०६६ सालमा श्री महेन्द्र बहुमुखी क्याम्पस, धरानबाट सम्मानित,

(ठ) २०६६ सालमा सुकुना बहुमुखी क्याम्पस, प्राध्यापक संघद्वारा प्रशंसापत्र प्राप्त,

(ड) २०६७ सालमा नेपाल राष्ट्रिय शिक्षक संगठन सुनसरीद्वारा सम्मान पत्र,

(ढ) २०६८ सालमा पिण्डेश्वर विद्यापीठ धरानद्वारा साहित्य र कला क्षेत्रमा विशिष्ट योगदान गरेबापत सम्मान,

(ण) २०६९ सालमा नेपाल ललितकला प्रज्ञाप्रतिष्ठान काठमाडौंद्वारा सम्मानित,

(त) २०७० सालमा प्रगतिशील लेखक संघ, मोरङ्गद्वारा अभिनन्दित,

(थ) २०७० सालमा प्रश्रित प्रतिष्ठान नेपाल सिद्धार्थनगर रुपन्देहिद्वारा सम्मानित,

(द) २०७१ सालमा जनसाहित्यिक मञ्च नेपाल जिल्ला कार्य समिति सुनसरीद्वारा सम्मानित,

(ध) २०७२ सालमा प्रलेस सुनसरीद्वारा सम्मान,

(न) २०७३ सालमा उर्लावारी साहित्य समाज मोरङ्गद्वारा साहित्य श्री पुरस्कार सहित सम्मान,

(प) २०७३ सालमा मनमोहन स्मृति प्रतिष्ठानद्वारा जेष्ठ नागरिक सम्मान सहित अभिनन्दन,

यसका अतिरिक्त विभिन्न साहित्यिक तथा सामाजिक संघ-संस्थाबाट उनलाई अन्य सम्मान तथा पुरस्कार समेत प्राप्त भएको देखिन्छ ।

## २.७ संलग्नता र व्यक्तित्व पहिचान

तत्कालीन पिण्डेश्वर संस्कृत महाविद्यालयमा पढ्दा देखि नै कविता लेख्न सुरु गरेका उपेन्द्रको पहिलो रचना **पागल** शीर्षकको कविता (वि.सं. २०१४ तिर) हो । पिण्डेश्वर संस्कृत छात्र सङ्घद्वारा वि.सं. २०१६ को वार्षिक मुखपत्र **नेपाल** मा **शिकार** नामक शीर्षकको कथा प्रकाशित गरी साहित्यिक क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेको देखिन्छ । विद्यार्थी अवस्थादेखि नै साहित्यिक क्षेत्रमा उन्मुख रहेका उपेन्द्रको कलम कविता, कथा, निबन्ध, समालोचना, नाटक आदि साहित्यका विविध विधामा अग्रसर रहेतापनि सर्वाधिक रुचि र सफलताको विधाचाँहि कविता नै देखिन्छ । साहित्य सृजनाका अतिरिक्त युवाकला केन्द्र, ललितकला सङ्गम, अफिसर्स क्लव ( सुनसरी सङ्गम), दीप्ति मासिक आदि थुप्रै साहित्यका संघसंस्था र पत्र-पत्रिकाहरू सँग सम्बद्ध भई कार्यहरू समेत गरेको पाइन्छ ।

वि.सं. २०१६ देखि औपचारिक रूपमा नेपाली साहित्यमा देखा परेका उपेन्द्र वि.सं. २०४५ देखि पुस्तकाकार कृतिको प्रकाशन गर्न प्रारम्भ गर्दछन् । उनको पहिलो

पुस्तकाकार कृति **शीतको थोपा** खण्डकाव्य (लेखन : २०२५, प्रकाशन : २०४५) हो । यस पछि प्रकाशित कृतिहरूमा **जीवन भागिरहेछ** (२०४६),**यात्रा अल्मलिइरहेछ** (२०४७) **गोरेको खोजी** (२०५४) र **अल्मलिएका पाइलाहरू** .(२०६२) जस्ता कविता संग्रहहरू प्रकाशित भएका छन् । त्यस्तै **क्यूरियो पसलको बुद्धमूर्ति** कथासंग्रह : २०६३, र **उपेन्द्र पागलको निबन्धहरू** निबन्धसंग्रह : २०६२ रहेका छन् । उनका आधा दर्जन जति कृतिहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् । यी कृतिहरूको लेखन, प्रकाशनका अतिरिक्त उपर्युक्त साहित्यिक संघ संस्थाहरूबाट प्रकाशित विभिन्न साहित्यिक पत्र-पत्रिकाहरूको सम्पादन समेत गरेको पाइन्छ । कवि उपेन्द्रले लेखेका यिनै कृतिहरूलाई अध्ययन गर्दा निम्नलिखित व्यक्तित्वका रूपमा उनलाई लिन सकिन्छ :

### (क) सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएको हुनाले मानिसका समग्र व्यक्तित्वको निर्माण र विकास सामाजिक मूल्य एवं मान्यताकै सेरोफेरोमा हुने गर्दछ । सानै उमेरदेखि सामाजिक भावना भएका उपेन्द्र समाजबाट अत्यन्त प्रभावित र आकृष्ट देखिन्छन् । त्यसैले प्राय यिनले आफ्ना रचनामा सामाजिक अन्याय, अत्याचार, असमानता र विसङ्गतिलाई यथार्थ रूपमा प्रकट गरेका छन् । समाजका लागि तन, मन र वचनले सहयोग पुऱ्याउने कवि उपेन्द्रले वि.सं. २०३३ मा धरानमा युवा कला केन्द्र, पूर्वाञ्चलको गठन गरी वि.सं. २०३५ सम्ममा कला पत्रिकाका तीन अंकको सम्पादन गरेको बताउँछन् । त्यस्तै २०३७ तिर विराटनगरमा ललितकला सङ्गमको स्थापना गरी हालसम्म सल्लाहकार पदमा रहेर कलाको विकासका निम्ति कार्यगर्दै वि.सं. २०३८ र वि.सं. २०४६ मा कला संगम पत्रिका सम्पादन पनि गरेको बताउँछन् । यसैगरी वि.सं. २०५१ श्रावण ४ गते इनरुवामा साहित्य श्रृङ्खला नाम दिएर आफ्नो अध्यक्षतामा १३ सदस्यीय कार्यसमिति गठन गरी विभिन्न चरणमा आठवटा साहित्यिक गोष्ठीहरूको सञ्चालन गरी साहित्य क्षेत्रमा योगदान गरेको देखिन्छ । त्यसैगरी अफिसर्स क्लब, इनरुवाको कार्यसमितिमा रही साहित्यिक फाँटलाई सम्हाल्ने

क्रममा साहित्यिक भित्ते पत्रिकाको प्रकाशन र पछि त्यसैलाई अझ विकसित गराइ असियस र सुनसरी संगम पत्रिकाको प्रकाशनमा उल्लेखनीय योगदान पुऱ्याएको देखिन्छ ।

### (ख) साहित्यिक व्यक्तित्व

राष्ट्र, राष्ट्रियता, स्वतन्त्रता, मानवता र समाज प्रतिको आफ्नो दायित्वलाई स्वकर्तव्य ठान्ने उपेन्द्र नेपाली साहित्यको श्री वृद्धिमा अनवरत समर्पित प्रखर साहित्यकार हुन् । उनले राष्ट्रिय स्वाभिमान, मानवता र स्वतन्त्रताका मार्गमा बाधक आर्थिक, सामाजिक तथा राजनैतिक व्यवस्थाका बिरोधमा आफ्नो लेखन प्रक्रियालाई क्रियाशील बनाउँदै साहित्यिक व्यक्तित्व स्थापित गरी सकेका छन् ।

मूलत : कविता विधामा नै आफ्नो प्रतिभालाई प्रखरताका साथ प्रस्तुत गरेका यिनलाई बहुमुखी प्रतिभा मान्न सकिन्छ । उनको साहित्यिक लेखनको औपचारिक थालनी **शिकार** शिर्षकको कथाबाट भएको पाइन्छ । यसै कथाका माध्यमबाट साहित्यिक धरातलमा पाइला टेकेका उपेन्द्रको लेखन प्रक्रिया दिन-प्रतिदिन परिष्कार र परिमार्जनका साथ तीब्र गतिमा अघि बढेको देखिन्छ । कविता विधामा बढी चर्चित भएपनि उपेन्द्रको साहित्य साधनाको आयाम निकै विस्तृत र व्यापक रहेको देखिन्छ । उनको साहित्यिक व्यक्तित्व कवि, गीतकार, कथाकार, खण्डकाव्यकार, निबन्धकार, समालोचक, नाटककार, सम्पादक/प्रकाशक, मूर्तिकार/चित्रकार, फोटोग्राफर आदिका रूपमा फैलिएको देखिन्छ ।

### (ग) कवि व्यक्तित्व

वि.सं. २०१४ तिर **पागल** शीर्षकको कविता लेखेर कविता विधामा प्रवेश गरेका उपेन्द्रका कविताहरू लामा-छोटा दुवै आकारका र प्राय : मुक्त लयमा आबद्ध पाइन्छन् । राष्ट्रियता, प्रजातन्त्र तथा मानव अधिकारका पक्षधर कवि उपेन्द्रका कवितामा वर्तमान राजनैतिक खिचातानी, सामाजिक आडम्बर, चरम पदलिप्सा,

वैचारिक जडता तथा आर्थिक विषमता जस्ता कुराहरूलाई विरोधका स्वरहरूमा प्रस्तुत गरेका छन् । साहित्यिक धारा वा वादको कुरा गर्दा उपेन्द्रका कविताहरूमा विशेषत : नव स्वच्छन्दवाद र प्रगतिवाद पाउन सकिन्छ । केही रचनाहरूमा प्रयोगवादी धार पनि पाउन सकिन्छ । अधिकांश कविता पत्र-पत्रिकाहरूमा नछापिइ कविता संग्रहकै रूपमा छापिएको पनि पाइन्छन् । यसरी हालसम्म कविता विधामा नै सफल व्यक्तित्वका रूपमा साधनरत उपेन्द्रका **जीवन भागिरहेछ** (२०४६) **यात्रा अल्मलिरहेछ** (२०४७) **गोरेटोको खोजी** (२०५४) **र अलमलिएका पाइलाहरू** (२०६२) गरी चार वटा कविता संग्रहहरू प्रकाशित भइसकेका छन् ।

**(घ) कथाकार व्यक्तित्व**

नेपाली साहित्यका विविध विधाहरूमा कलम चलाउने उपेन्द्रको कथा विधा कविता विधाको तुलनामा निकै नै पछाडि रहेको पाइन्छ । हालसम्म कथाका क्षेत्रमा उपेन्द्रको **क्यूरियो पसलको बुद्धमूर्ति** शीर्षकको कथासंग्रह वि.सं. २०६३ मा प्रकाशित भएको पाइन्छ । यस संग्रहका कथाहरूमा विश्वेश्वरप्रसाद कोइरालाको मनोविश्लेषणत्मक शैलीमा मनका चेतन, अर्द्धचेतन र अचेतनका भावहरूलाई अभिव्यक्त गर्न खोजिएको पाइन्छ । यस कथामा फ्रायडीय यौन मनोविज्ञान र आञ्चलिक परिवेश भित्र आदिवासि जन-जीवनको चित्रण गरिएको पाइन्छ । यस्ता कथाहरूमा रतिया, श्यामा, बिछिया, क्यूरियो पसलको बुद्धमूर्ति, चेतन, रेखा, विवशता पचाउनेहरू, सुनरलाल, मङ्गलुकी कैली गाई, आफन्त साथी, जमुनी र युगमान्यता शीर्षकका रहेका छन् । यी कथाहरूका निम्ति परिवेश अनुकूल पात्र सिर्जना गरी आदिवासी समाजमा हुने गरेका गाँउका महिलाले भोगेका र भोग्नुपर्ने समस्याहरूको कोलाज चित्रलाई यथार्थ रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

वि.सं. २०१६ मा पिण्डेश्वर छात्रसंघद्वारा प्रकाशित वार्षिक मुखपत्र **नेपाल** पत्रिकामा आफ्नो पहिलो औपचारिक कृति रचनाका रूपमा **शिकार** शीर्षकको कथा प्रकाशन गरेका उपेन्द्रका फुटकर रूपमा केही कथाहरू प्रकाशित भएका पाइन्छन् ।

समग्रमा उपेन्द्रलाई मनोवैज्ञानिक, सामाजिक कथाकारका रूपमा लिन सकिन्छ ।

### (ङ) खण्डकाव्यकार व्यक्तित्व

फुटकर कविता भन्दा ठूलो र महाकाव्य भन्दा सानो आकार वा संरचना भएको काव्यलक्षण युक्त प्रबन्धात्मक काव्यका रूपमा चिनिने खण्डकाव्यको रचनामा पनि उपेन्द्रको संलग्नता रहेको पाइन्छ । उनको प्रकाशित खण्डकाव्यका रूपमा एकमात्र कृति प्राप्य छ । **शीतको थोपा** शीर्षकको उक्त काव्य वि.सं. २०२५ मा नै लेखिएको भएतापनि आर्थिक समस्याका कारण वि.सं. २०४५ मा मात्र प्रकाशित हुन पुगेको देखिन्छ । प्रतिभा पुरस्कार प्रतिष्ठान, विराटनगरद्वारा वि.सं. २०४५ को षडानन्द पुरस्कारले पुरस्कृत **शीतको थोपा** तेह्र (१३) थोपामा विभाजित रहेको र गद्यात्मक शैलीमा जीवन जगतका विषयवस्तुलाई समेटेर लेखिएको देखिन्छ । अर्को खण्डकाव्य वि.सं. २०२६ मा लेख्न प्रारम्भ गरिएको भए तापनि पुरा हुन नसकेको बताउँछन् ।

### (च) निबन्धकार व्यक्तित्व

निबन्ध साहित्यमा मात्र सिमित नभएर परापूर्व कालदेखि नै वाङ्मयका क्षेत्रमा व्यापक रूपमा फैलिएको सशक्त विधा हो । निबन्ध शब्दले निर्देशित गर्ने क्षेत्रलाई हेरेर वर्गीकरण गर्दा उपेन्द्रका सबै निबन्धहरू आत्मपरक निबन्धभित्र पर्दछन् । संस्मरणात्मक निबन्ध लेखनमा अग्रसर रहेका उपेन्द्रका २७ वटा निबन्धहरूको संगालोका रूपमा **उपेन्द्र पागलका निबन्धहरू** नामक निबन्धसंग्रह वि.सं. २०६२ मा प्रकाशित भएको पाइन्छ । यस संग्रह भित्रका निबन्धहरूमा आफुले बाल्यावस्था देखी भोगेका तीता-मीठा अनुभवहरूलाई संस्मरणात्मक शैलीमा उतारिएको देखिन्छ । यसमा वि.सं.२०४९ देखि वि.सं. २०५६ सम्म लेखिएका फड्को मार्न आँट चाहिन्छ, फलामको आली, बनभात, मेरो विवाह जस्ता निबन्धहरू संकलित छन् ।

### (छ) गीतकार व्यक्तित्व

विभिन्न विधा अन्तर्गत कविताकै एउटा रूप मानिने गीत विधामा पनि उपेन्द्रको कलम अग्रसर रहेको देखिन्छ । यिनका झण्डै एकदर्जन जति गीतहरू रचना भएको भए तापनि तिनमा संगीत भर्ने र रेकर्ड गर्ने काम भने एउटामा मात्र भएको पाइन्छ । उपेन्द्र कवि व्यक्तित्वबाट सहज रूपमा गीतकार बन्न पुगेको बताउँछन् ।

### (ज) समालोचक व्यक्तित्व

साहित्यका विविध क्षेत्रहरूमध्ये समालोचना क्षेत्रमा पनि उपेन्द्रको लेखन सशक्त रूपमा अगाडी बढेको पाइन्छ । समालोचनाका क्षेत्रमा उनका संयुक्त तथा व्यक्तिगत रूपमा चार (४) वटा पुस्तकहरू प्रकाशित भइसकेका छन् । वि.सं. २०६२ मा **विश्व शाक्यका ७ हास्यव्यंग्यकृतिहरूको अध्ययन र मूल्याङ्कन** नामक संयुक्त समालोचना संग्रह प्रकाशित भएको देखिन्छ । त्यस्तै **कवि श्यामकृष्ण श्रेष्ठका समग्र कृतिहरूको अध्ययन (२०६५) मोफसल समालोचना (आख्यान/निबन्ध-२०७० जेष्ठ)** र **मोफसल समालोचना (कविता/काव्य-२०७० जेष्ठ)** प्रकाशित भइसकेका छन् भने फुटकर समालोचना संग्रह नामक पुस्तक प्रकाशोन्मुख अवस्थामा रहेको बताउँछन् ।

### (झ) नाटककार व्यक्तित्व

उपेन्द्र पागल विद्यार्थी अवस्था देखि नै नाटक लेखनका क्षेत्रमा सक्रिय रहेका देखिन्छन् । आफैं पनि नाटक लेख्ने र अरूका नाटकमा पनि अभिनय गर्ने नाटककार/कलाकार उपेन्द्रले वि.सं.२०२० मा भीमनिधि तिवारीद्वारा लिखित **किसान** नाटक साथीहरूका साथ तयार गरेर धरान, विजयपुर पिण्डेश्वरमा तथा घोपा क्याम्पसमा प्रदर्शन गरेको बताउँछन् । यो नाटक स-शुल्क प्रदर्शन भएको हुँदा नाटकबाट उठेको रकम पूर्व-पश्चिम राजमार्ग निर्माणार्थ सहयोगका लागि सम्बन्धित निकायमा बुझाएको पनि बताउँछन् । त्यस्तै वि.सं. २०२० मा नै लेखनाथ पौड्यालद्वारा लिखित **लक्ष्मीपूजा** नाटक पनि तयार गरी प्रदर्शन गरेको बताउँछन् ।

आफैँले वि.सं. २०२१ मा लेखेको **समयको हुरी** शीर्षकको एकाङ्की दशैं र तिहारको अवसरमा मधेसा र पकली गा.वि.स. मा प्रदर्शन गरेको पनि बताउँछन् । यसैगरी लघु नाटकका रूपमा स्थानीय अफिसर्स क्लबको **ओसियस** पत्रिकामा **विकास र प्रजातन्त्र** शीर्षकका नाटकहरू पनि क्रमश : वि.सं. २०५० र २०५३ मा प्रकाशित भएको पाइन्छन् ।

**(ञ) सम्पादक व्यक्तित्व**

साहित्य सृजना गर्ने र त्यसलाई मूर्तता प्रदान गर्ने माध्यमका रूपमा विभिन्न साहित्यिक पत्र-पत्रिकाहरूमा पनि महत्त्वपूर्ण भूमिका खेल्ने पागलले विद्यार्थी अवस्थादेखि नै पत्र-पत्रिकाको सम्पादन गर्न थालेको देखिन्छ । वि.सं. २०३३ मा युवा कला केन्द्र स्थापना गरी कला क्षेत्रको संस्थागत विकासमा योगदान दिँदै उक्त संस्थाद्वारा प्रकाशित **कला** पत्रिकाको सम्पादकको भूमिका निर्वाह गरेको देखिन्छ । त्यसै अवधिदेखि निरन्तर रूपमा सम्पादकका क्षेत्रमा लागेका उपेन्द्रले हालसम्म करीब चारदर्जन भन्दा बढी पत्र-पत्रिका तथा कृतिहरूको सम्पादन गरिसकेका देखिन्छन् ।

**(ट) मूर्तिकार/चित्रकार व्यक्तित्व**

बहुमुखी प्रतिभाका धनी उपेन्द्रले साहित्य क्षेत्रका अतिरिक्त मूर्तिनिर्माण तथा चित्रकारिताका क्षेत्रमा पनि काम गेरेको देखिन्छ । वि.सं. २०१४/०१५ देखि नै पढाइका साथसाथै मूर्तिनिर्माण तथा चित्रकलाका निम्ति कुची र ब्रस चलाएका पागलले वि.सं. २०१८ मा सरस्वती पूजाका लागि मूर्तिको आवश्यकता पर्दा आफ्नै हातले सरस्वतीको मूर्ति निर्माण गरी पूजा गरेको बताउँछन् । चित्रकलाको विकाशका निम्ति आफैं सक्रिय रहेका यिनी वि.सं. २०३३ तिर धरानमा स्थापित युवा कलाकेन्द्रको उप-सचिव पदमा रहेका र वि.सं. २०३७ मा विराटनगरमा स्थापित ललित कला संगममा सचिव, उपाध्यक्ष र सल्लाहकार जस्ता पदमा रहि कार्य गरेको पाइन्छ । यिनका कला प्रदर्शनीहरू धरान, धनकुटा, काठमाडौं, खर्साङ् आदि

स्थानहरूमा सामुहिक रूपमा प्रस्तुत भएका पाइन्छन् भने धनुषा, विराटनगर, झापा आदि क्षेत्रहरूमा एकल चित्रकला प्रदर्शनीहरू पनि भएको पाइन्छन् ।

वि.सं. २०३६ मा जनकपुरकमा एकल चित्रकला प्रदर्शनीमा ४८ वटा चित्रात्मक दृश्य प्रदर्शन गरी यिनले एकल चित्रकला प्रदर्शनीको आरम्भ पनि गरेको देखिन्छ । अधिकांशत : व्यक्तिचित्रहरू निर्माण गर्ने उपेन्द्रले प्रकृतिका विषयवस्तु समेटेर विशेष गरी वस्तुपरक मूर्तिचित्र र केही अमूर्त चित्रहरूको पनि निर्माण गरेको देखिन्छ ।

## २.८ साहित्य सृजनाका अभिप्रेरक

कुनै व्यक्ति, साहित्यकार, कलाकार आदि बन्नुमा कुनै प्रभाव र प्रेरणा अवश्य रहेको हुन्छ । प्रत्येक व्यक्तिको आफ्नो कुनै रूचिक्षेत्र हुने यथार्थ पनि सार्वजनीन नै छ । कवि उपेन्द्र पनि वि.सं. २०१६ तिर पिण्डेश्वर संस्कृत महाविद्यालयमा नेपाली विषय पढ्न थालेपछि आफुभन्दा अग्रज साथीहरूले देवकोटाको समीक्षा गर्दा त्यसैतर्फ आकृष्ट हुन थालेका देखिन्छन् । त्यस बखत् छन्दका पछाडि देवकोटा कुदेनन् बरु छन्दचाँहि देवकोटाको पछि कुदेको थियो भन्ने अभिव्यक्ति सुन्ने गरेको अनि देवकोटाले तीन महिनामा 'शाकुन्तल' महाकाव्य, दश दिनमा 'सुलोचना' खण्डकाव्य र एकरातमा 'कुञ्जिनी' खण्डकाव्य लेखेको सुन्दा उनलाई पनि सिर्जनातर्फ लाग्न प्रेरणा मिलेको पाइन्छ । समय-समयमा हुने विद्यालयीय प्रतियोगितात्मक गोष्ठी तथा निबन्ध प्रतियोगिताहरूमा भाग लिई पुरस्कार प्राप्त गर्दाका आनन्दानुभूति पनि पागलका प्रेरणादायी स्रोतका रूपमा देखिन्छन् । टीकाप्रसाद शर्मा, नृपेन्द्र श्रेष्ठ, महानन्द सापकोटा आदि गुरुहरूको प्रोत्साहन र प्रेरणाहरू पनि पागलको साहित्य सिर्जनाका निम्ति अभिप्रेरक नै देखिन्छन् ।

कला सिर्जनको निरन्तरता बढाउन र जिज्ञासा शमन गर्न मूलत : कान्छाकुमार कर्माचार्य, कर्ण मास्के, गोपाल कलाप्रेमी, मुकेश मल्ल, विपिन घिमिरे आदिबाट सहयोग तथा उत्प्रेरणा प्राप्त भएको बुझिन्छ भने साहित्य सृजनाका निम्ति

आराद्ध्य कवि गुरुका रूपमा टीकाप्रसाद शर्मा अनि उत्प्रेरक मित्रका रूपमा नरेन्द्र चापागाईं, वासुदेव त्रिपाठी, हीरा आकाश, अनिरुद्ध तिम्सिना आदि रहेका देखिन्छन् । त्यस्तै जुहीरत्न बनाइ दिएर निरन्तर सिर्जनामा लाग्न बाध्य बनाउने चूडामणि रेग्मी पनि अर्का सशक्त उत्प्रेरक व्यक्तित्वका रूपमा रहेको बताउँछन् ।

## २.९ निष्कर्ष

यसरी विविध संघर्षका बावजुद बहुमुखी प्रतिभाका धनी साहित्यकार उपेन्द्र पागलको लेखन थुप्रै क्षेत्रमा भएपनि मूलत : कविता विधामा भने निकै अग्र पंक्तिमा रहेका देखिन्छन् । समाजसेवी, परोपकारी, मृदुभाषी भएकाले गाउँघरमा पनि उनको त्यतिकै लोकप्रीय ख्याति रहेको देखिन्छ । प्रजातान्त्रिक विचारधारामा आबद्ध पागल असमानता, विकृति, विसंगति तथा अनाचारको अन्त्य गरेर समाज र राष्ट्रलाई नयाँ दिशातर्फ मोड्ने कुरामा जोड दिन्छन् । करीब छ दशक लामो साहित्य साधनामा उपेन्द्र स्वच्छन्दतावादी प्रगतिवादी साहित्यकारका रूपमा जनमानसमा परिचित भएका देखिन्छन् ।

## तेस्रो परिच्छेद

# उपेन्द्र बस्नेत पागलको कवितायात्रा र काव्यप्रवृत्ति

### ३.१ उपेन्द्र बस्नेत पागलको कवितायात्रा

कवि उपेन्द्र बस्नेत पागलले वि.सं. २०१३ देखि नै कविताको लेखन आरम्भ गरेका हुन् । तत्कालीन पिण्डेश्वर संस्कृत महाविद्यालय, धरानमा वि.सं. २०१३/०१४ तिर **पागल** शीर्षकको कविता लेखेर विद्यालय प्रतियोगितामा भाग लिई प्रथम स्थान हासिल गरेकाले पागलको तन्मय भावको प्रभाव स्वरूप आफ्नो उपनाम नै पागल राखेका कवि उपेन्द्र, महाकवि लक्ष्मीप्रसाद देवकोटाको पागल कविताबाट पनि प्रभावित देखिन्छन् । विशेष गरी देवकोटाको स्वच्छन्दतावादी चिन्तन पद्धतिबाट प्रेरित र प्रभावित पागल जीवनका छ दशक भन्दा धेरै समय काव्य साधनामा नै बिताइ रहेका छन् । उनको एकसट्ठीवर्षे काव्यसाधनामा प्रारम्भिक पन्ध्र वर्षको समयावधि कवित्व प्रस्फुटन वा पूर्वाभ्यासमा नै व्यतीत भयो भने वि.सं. २०१३-२०२८ बीचको अवधि उनका कवित्वको पृष्ठभूमि वा आभ्यासिक काल हो । वि.सं. २०२९ देखि वि.सं. २०३९ सम्मको समय पागलको काव्यसाधनाको विश्रान्तिकाल देखिन्छ । वि.सं. २०४० को दशक देखि मात्र पागलका कवित्वको सार्वजनिक यात्रा प्रारम्भ भयो, र वि.सं. २०२५ मा लेखिएको **शीतको थोपा** खण्डकाव्य वि.सं. २०४५ मा प्रकाशित भएको देखिन्छ । यसको एकवर्ष पछि **जीवन भागीरहेछ** कवितासंग्रह र पुन : एकवर्ष पश्चात् **यात्रा अलमलिरहेछ** कवितासंग्रह प्रकाशित भएका देखिन्छन् । यसरी लेखन र प्रकाशनको निरन्तरता सँगै अझ परिष्कृत रूपमा प्रस्फुटित पागलका कवित्वको खुलासा वि.सं. २०५४ मा प्रकाशित **गोरेटोको खोजी** कवितासंग्रहका कविता र वि.सं. २०६२ मा प्रकाशित **अलमलिएका पाइलाहरू** कवितासंग्रहका कविताहरूले गरेका छन् ।

कवि उपेन्द्र पागका कवितामा पाइने बौद्धिकताको भावनात्मक कोमलता, तीक्ष्ण दृष्टि, छोटा वाक्य-विन्यास, अमूर्त लेखन, प्रतीकात्मक रूपविधान, व्यङ्ग्यकार,

मनोमूर्तिकार, निशा र निशाचरको उक्ति चातुर्य, विचारमा सौम्यता र इमान्दारीपूर्ण कथन पद्धति, देशप्रेम, पराकालिक वैदिक वाङ्मयलाई संकेत गर्दै सोही रूपमा उदाहरण दिनु, राष्ट्रप्रतिको सचेतता, स्वतन्त्रता प्रतिको आस्था, विकृति र विसंगति प्रति तीव्र आक्रोश, प्रगतिशील चेतना, प्रयोग तर्फको रूची आदि उनका कवितात्मक प्रवृत्तिहरू हुन् । उनका चरण वा मोडमा देखिएका फरकपन, साहित्य लेखनका रचनागत परिवर्तन, गुणस्तर धारागत प्रवृत्तिको अन्तर्विकाश, कृतिगत प्रकाशन, बौद्धिक एवं तार्किक पक्षको विकाश जस्ता आधारहरूलाई लिएर साहित्यिक यात्राको चरण विभाजन गरिएको छ । यसरी उपेन्द्र पागलको कवि व्यक्तित्व उनको करिव छ दशक लामो साहित्यिक यात्राका क्रमलाई यसरी केलाउन सकिन्छ :

## ३.२ चरणगत काव्यप्रवृत्ति

उपेन्द्र पागलको अहिले सम्मको जीवनयात्रालाई हेर्दा उनको जीवनचक्र विभिन्न मोड-उपमोडहरूबाट गुज्रेको पाइन्छ । बाल्यावस्था देखि नै निराशा, कुण्ठा, अभावबाट गुज्रिएको उनको जीवन निकै संघर्षमय छ । उनका यिनै जीवन भोगाइका कटु यथार्थ, अनुभावहरूका पृष्ठभूमिमा उनले आफ्ना रचना सृजना गरेका छन् । उनका जीवन भोगाइका यिनै तीता-मीठा अनुभव, घात-अन्तर्घात एवं तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक आदि कारणबाट परेको प्रभावले उनको आन्तरिक तथा बाह्य व्यक्तित्व निर्माण भएको छ । साहित्यक व्यक्तित्वमा कवि, कथाकार, खण्डकाव्यकार, निबन्धकार, गीतकार, समालोचक, नाटककार, सम्पादक, प्रकाशक, चित्रकार, फोटोग्राफर आदि उनको प्रतिभा, चिन्तन, गहन अध्ययन र साधनाबाट भएको हो । उनको साहित्यिक लेखनका मोडगत परिवर्तन, गुणस्तर, धारागत प्रवृत्तिको अन्तर्विकाश, कृतिगत प्रकाशन, बौद्धिक एवं तार्किक पक्षको विकाश जस्ता आधारहरू लिएर साहित्यिक यात्राको चरण विभाजन गरिएको छ । उपेन्द्र पागलको छ दशकको साहित्यिक यात्रालाई हेर्दा उनका कविताहरूलाई यस अनुसार पहिल्याउन सकिन्छ :

### ३.२.१ पृष्ठभूमि चरण (२०१३-२०२८)

यस समयलाई उपेन्द्र पागलको साहित्यिक यात्राको आभ्यासिक चरण वा पृष्ठभूमि कालका रूपमा लिन सकिन्छ । उपेन्द्र पागल वि.सं. २०१३/२०१४ देखि साहित्यिक फाँटमा प्रवेश गरेका हुन् । उनले २०१४ सालदेखि नै फाटफुट रूपमा कविता लेखेको भएपनि वि.सं. २०१४-२०२८ सम्मका रचनाहरू फुटकर रूपमा नै रहेका पाइन्छन् । उनले कविता यात्राको प्रारम्भ देखि नै विम्बात्मक, प्रतीकात्मक, श्रृङ्गारिक आदिमा आफ्नो लेखन रूचाएका थिए । उनले यस समयावधिमा भने कुनै कृतिको रचना गरेको देखिदैंन । यसै समयमा वि.सं. २०४५ मा प्रकाशित भएको **शीतको थोपा** नामक खण्डकाव्य वि.सं. २०२५ श्रावण ४ गते लेखिसकेको देखिन्छ । वि.सं. २०४५ मा प्रकाशन गरिएको उक्त कृतिले षडानन्द प्रतिभा पुरस्कारद्वारा पुरस्कृत भएको थियो । पृष्ठभूमि कालखण्डमा नै लेखिएको उक्त खण्डकाव्यमा जीवनका समग्रताका बारेमा १३ थोपामा विभाजन गरी प्रतिकात्मक ढङ्गमा जीवनका विभिन्न अवस्थामा देखापर्ने समस्यालाई प्रस्तुत गरेका छन् । १३ थोपामा विभाजित रहेको उक्त खण्डकाव्यमा सामाजिक, राजनीतिक, प्रेम, कुण्ठा, आशा, निराशा, जीवन्तता आदि जस्ता विषय-वस्तुलाई उठाएका छन् । चार हरफमा विभाजित रहेको, गद्यात्मक शैलीमा लेखिएको उक्त खण्डकाव्यमा अनुप्रासको संयोजन भने गरिएको छैन । त्यस्तै यसमा श्लोकगत एकरूपता पनि छैन । एक हरफमा थोरैमा तीनशब्द देखि धेरैमा सात शब्द सम्मको प्रयोग गरिएको यसमा सर्गगत श्लोक संयोजन नौ श्लोकदेखि चौध श्लोकसम्म विस्तारित रहेको देखिन्छ ।

समग्रमा यस कृतिमा मानवीय गतिविधिलाई १३ थोपामा विभाजन गरी १४१ श्लोकमा वर्णन गरिएको छ । जीवनको प्रारम्भिक अवस्था देखि अन्त्यावस्था सम्मको यसमा सूक्ष्म ढङ्गले चित्रण गरिएको छ । जीवन विसंगत भएपनि आफ्नो अस्तित्वका लागि मानिस सदा बाँच्न विवश छ, बाँच्ने क्रममा विभिन्न चरणलाई पार गर्न बाध्य छ भन्ने मानवीय अभिव्यक्तिलाई प्रतीकात्मक ढङ्गमा अभिव्यक्त गर्न

खोजिएको छ । स्वच्छन्दतावादी लेखन, विसंगतिको चित्रण, आशावादीका रूपमा जीवनबोधको प्रस्तुति, विम्बात्मक एवं प्रतीकात्मक लेखन, मानवीय, सामाजिक, राजनीतिक, प्रेम, कुण्ठा, आशा-निराशा, आस्मिता जस्ता विषयवस्तुको प्रयोग, परनिर्भरता, स्वार्थपूर्ति र अमानवीयताको चित्रण, विद्रोहात्मक स्वर तथा संघर्षको अभिव्यक्ति, समतावादी सोच एवं अनुप्रासमुक्त चारहरफे गद्यलय ढाँचाको प्रयोग जस्ता कुराहरू उनको यस चरणका मूलभूत प्रवृत्तिहरू हुन् ।

### ३.२.२ प्रथम चरण (२०४०-२०४७)

पृष्ठभूमि वा आभ्यासिक चरणमा देखा परेका कविताकाव्य भन्दा भिन्न अभिलक्षणका कारण यो चरण देखा परेको हो । कवितागत भिन्न प्रवृत्ति, स्वाद र उद्देश्यका साथ केही नयाँ शैलीको सृजनाका कारण कविता लेखनमा नयाँपनको थालनीको सूत्रपात गर्दै यस चरणका कविताहरू सिर्जित भएका छन् । शब्दको चामत्कारिक, भावनाको गहनता, नवीन विषयवस्तुका साथै पाठकमा भिन्न स्वाद दिनका लागि समयको प्रतिनिधित्व गर्दै यस चरणमा केही मौलिक विशेषताहरू दिन सफल पागलले आफ्ना कवितामा निम्नलिखित प्रवृत्तिहरू भित्र्याएका छन् ।

सामाजिक विषमता, विसंगति र विश्वमानवताको समग्र भावाभिव्यक्ति, राष्ट्रप्रेमको चिन्तन, बौद्धिक मिथकको प्रयोग, अमूर्त लेखन, विम्ब र प्रतीकहरूमा केही बोधगम्य, सौन्दर्य चेतना, सामाजिक यथास्थितिको विस्तारपूर्वक वर्णन, संघर्षात्मक कठिन समय परिस्थितिको वर्णन, आर्षकालीन वस्तु परिस्थितिको चित्रण गर्दै आत्मसन्तुष्टि र अस्तित्वबोध आदि भाव उनका यस चरणका मूलभूत प्रवृत्तिहरू हुन् ।

वि.सं. २०४० देखि वि.सं. २०४७ सम्म प्रकाशित कवि पागलका कवितालाई पहिलो चरणमा राखेर अध्ययन तथा विश्लेषण गर्न सकिन्छ । यस चरणमा उनले तीनवटा कृतिहरू प्रकाशित गरेका छन् । **शीतको थोपा** नामक खण्डकाव्य वि.सं. २०२५ मा लेखिएको तर विभिन्न आर्थिक परिस्थितिका कारण यस समयमा आई

प्रकाशित गरेको देखिन्छ । त्यस्तै यस समयमा मुख्यत : दुईवटा कृतिहरू **जीवन भागिरहेछ** र **यात्रा अलमलिरहेछ** नामक कविता संग्रह प्रकाशित भएको देखिन्छ । त्यसैले यस चरणलाई उनको उर्वरकाल पनि मान्न सकिन्छ । यस चरणमा प्रकाशित **शीतको थोपा** नामक खण्डकाव्यले षडानन्द प्रतिभा पुरस्कारबाट सम्मानित भएको पनि देखिन्छ । बौद्धिकता एवं तार्किकता, बौद्धिक मिथको प्रयोग, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थितिबोध, प्रकृतिप्रेम एवं मानवताको स्वर, विम्ब र प्रतीकहरूमा व्यापकता, राजीतिक स्वतन्त्रता, मानव अधिकार लगायत आर्थिक, सामाजिक एवं राजनीतिक न्यायको खोजी, स्वस्फूर्त लेखन, मुक्तलय तथा चोटिलो व्यङ्ग्य प्रहार आदि यस चरणका प्रवृत्तिहरू हुन् ।

### ३.२.३ द्वितीय चरण (२०४८-यता)

पृष्ठभूमि चरण तथा प्रथम चरणका केही प्रवृत्तिहरूलाई पुनरावृत्ति गर्दै केही थप प्रवृत्तिका साथ दोस्रो चरणको प्रादुर्भाव भएको हो । पृष्ठभूमि चरण र प्रथम चरणमा देखा परेका प्रवृत्तिहरूलाई निरन्तरता दिँदै केही नयाँ विषयवस्तुलाई प्रवेश गराइ आफ्नो लेखन शैलीमा परिवर्तन गरेका पागलले यस चरणमा समसामयिक, राजनीतिक, सामाजिक, घटनाप्रधान, बौद्धिक मिथकको सशक्त प्रयोग, कवितामा थप बौद्धिकताको प्रयोग, समानता र स्वतन्त्रताको वकालत, भौतिक विकासप्रति तीखो व्यङ्ग्य, देशमा हत्या, हिंसा र अराजकता माथि आक्रोश व्यक्त गर्दै आफ्ना कविता लेखनलाई निरन्तरता दिइएको पाइन्छ । समयको माग र समसामयिक विषयवस्तु परिवेश र मानव जीवनको आवश्यकता र साहित्यमा आएको परिवर्तनलाई समायोजन गर्दै आफ्ना अध्ययनलाई निरन्तरता दिने पागलका यस चरणका कृति तथा प्रवृत्तिहरू निम्नलिखित रहेका छन् :

यस चरणका उनका कविताहरू समसामयिक, राजनीतिक, सामाजिक, घटनाप्रधान आदि रहेका छन् । यस चरणमा उनले बौद्धिक मिथकलाई केही मात्रामा कम प्रयोग गरेका छन् । तर उनका कविताहरूमा विम्ब र प्रतीकहरूको प्रयोग झन-

झन तीब्र हुँदै गइरहेको छ । यथार्थ रोइरहेछ, केही हूलहरू, प्रवाहमय छ पानी, म पनि अब मान्छे बन्छु, बाटो एक रची, युग र जीवन, समय चेतना विरुद्ध युद्ध गर्दैछ, समय प्रयोग, अलिकति जुर्मुराए पुग्छ, आउ विजयको यात्रा गरौं, आजको युद्ध, फ्रि साइजको गञ्जी, प्रतीक्षा गरौं, भित्तीहरू, आमाको माया, प्राणवायुको खोजी, आस्था र बादल जस्ता आदि कविताहरूमा पागलले देशप्रेम, मातृस्नेह, पुराकालीन आर्षसभ्यता, विभिन्न राष्ट्र-अन्तराष्ट्रमा देखापरेका युद्ध विभिषिकाको वर्णन तथा राजनैतिक सामाजिक आदिलाई प्रतीकात्मक ढङ्गमा व्यङ्ग्य गरेका छन् । यस चरणका कविताहरू अघिल्ला चरणका कविताहरूमा जस्तो बौद्धिक मिथक, अन्धविम्ब एवं संस्कृतनिष्ठ शब्दहरूको भरपुर प्रयोग नभएकाले केही सरल जस्ता लाग्छन् । यस चरण देखि पागलले व्यक्तिगत कुण्ठा, पीडा, प्रेम विषय भन्दा देशप्रेम, अस्तित्व तथा विसंगतिबोध, समसामयिक राजनीतिक सामाजिक आदि विषय-वस्तुहरूलाई कवितामा उतार्ने कोसिस गरेका छन् । देशप्रेम तथा मानवतावादी सोचमा सशक्तता, प्रगतिशील चेतना, बौद्धिक मिथकको प्रयोगमा न्यूनता, अङ्ग्रेजी तथा झर्रो शब्दको प्रयोगमा व्यापकता, समानता र स्वतन्त्रताको वकालत, भौतिक विकासप्रति तीखो व्यङ्ग्य, देशमा हुने गरेको हत्या, हिंसा र अराजकता माथि तीव्र आक्रोश, मानवतावादी भावना, गद्यात्मकताबाट पद्यात्मक लेखनतर्फ उन्मुख, व्यक्तिगत कुण्ठा, पीडा, प्रेम जस्ता विषयभन्दा समसामयिक, राजनीतिक विषयवस्तुलाई कवितामा उतार्ने प्रयास, प्रजातन्त्र र स्वतन्त्रता प्रतिको आस्था आदि यस चरणका मूलभूत प्रवृत्तिहरू हुन् ।

## ३.३ निष्कर्ष

चौध वर्षको उमेरदेखि नै कविता लेख्न सुरू गरेका उपेन्द्र पागल हाल (०७४) सम्म कविताविधामा नै सफलताका साथ निरन्तर साधनारत देखिन्छन् । उनको एक्सठ्ठीवर्षे काव्यसाधनाको यात्रामा लेखन समय चालीसवर्ष लामो भएपनि वि.सं. ०४५ देखि ०६२ सम्मको सत्र वर्षको अवधि भने महत्वपूर्ण रहेको देखिन्छ । यी सत्र

वर्षमा कविका पाँचवटा काव्यकृतिहरू प्रकाशित भएका छन् । जसमा एउटा खण्डकाव्य रहेको छ भने बाँकी चार कविता संग्रहहरू रहेका छन् ।

पागलका प्रमुख उक्त काव्य प्रवृत्तिहरूलाई नियाल्दा उनी सर्वाङ्गीण चेतनायुक्त कवि ठहर्दछन् । तर, उनको खास कवि व्यक्तित्व निक्यौंल गर्दा उनलाई नव स्वच्छन्दतावादी प्रगतिवादी कवि नै भन्नु उपयुक्त हुन्छ । विसंगत भावचेतनायुक्त कविताहरू पनि उनका प्रशस्तै रहेका छन् तर पनि ती कविताहरूमा कतै प्रकृतिको त कतै प्रगतिशील चेतनाको लेप अवश्य लागेको देखिन्छ । उनको प्रारम्भिक कवित्त्व मिश्रित भावयुक्त रहेपनि त्यसपछिका कवितामा भने नव स्वच्छन्दतावादी र प्रगतिवादी नै बनेर देखापरेका छन् । समग्रमा हेर्दा उनी नव स्वच्छन्दतावादी प्रगतिवादी कवि नै ठहर्न जान्छन् ।

# चौथो परिच्छेद

# उपेन्द्र बस्नेत पागलका खण्डकाव्यको विश्लेषण

## ४.१ शीतको थोपा खण्डकाव्यको अध्ययन

उपेन्द्र पागलको **शीतको थोपा** खण्डकाव्य वि.सं. २०४५ मा प्रकाशित भए पनि यसको लेखन समय वि.सं. २०२५ हो । गद्यात्मक भाव भङ्गिमा लेखिएको भए तापनि संरचनात्मक रूपमा झट्ट हेर्दा चार हरफमा युक्त भए जस्तो देखिने यसमा मानवीय गतिविधीलाई १३ थोपामा विभाजन गरी १४१ श्लोक वा ५६४ हरफमा वर्णन गरिएको एक काव्य हो । जीवनको प्रारम्भिक अवस्था देखि अन्त्यावस्था सम्मको यसमा प्रतीकात्मक रूपमा सूक्ष्म ढङ्गले चित्रण गरिएको छ । यस खण्डकाव्यको शीर्षक र भावबीच प्रतिकात्मक संगति पाइन्छ । यसमा धेरैजसो स्थानमा तत्सम, तद्भव तथा झर्रा शब्दहरूको प्रयोग गरिएको छ । यसमा जीवनलाई प्रष्ट पार्न तथा वर्णन गर्नका लागि विविध विषय वस्तुहरूको उठान गरिएको छ ।

### ४.१.१ शीर्षकीकरण

शीर्षकीकरण सबै साहित्यिक विधाका कृतिहरूको आङ्गिक बाह्य तत्त्व हो । यो कविता कृतिको नामकरण मात्र नभइ कृतिको सारभूत भाव वा विचारको संकेत पनि हो (अवस्थी, २०६४, पृ. ५२)।

मुख्य विषयवस्तु वा भावका आधारमा राखिएको **शीतको थोपा** नामक शीर्षक सङ्गतिपूर्ण रहेको छ । शीत भन्नाले साँझ बिहान प्राकृतिक रूपमा आकाशबाट जमीनमा पर्ने चीसो पानीको कण हो । शीतको थोपा उषाको प्रथम प्रहरमा मोती जस्तो टल्किएता पनि सूर्यको ताप सँगै त्यो आफ्नो अस्तित्वबाट विलय हुन्छ । यहि अर्थलाई वहन गरेको यस काव्यले अस्तित्ववादी जीवनलाई सूक्ष्म रूपमा चित्रित गरेको छ । जीवनका विविध आयामहरूलाई गद्यात्मक शैलीमा वर्णन गरिएको यस

काव्यमा आइपर्ने सकारात्मक तथा नकारात्मक दुवै विषयको उठान गरिएको छ । जीवन यापन गर्ने क्रममा सकारात्मक प्रेरणा र सहयोग भएमा सुखद र साथ-सहयोग नभएमा दुःखद् हुन्छ भन्ने प्रतीकात्मक अर्थ छरेको देखिन्छ । जस्ता प्रकारले शीत कर्कलाको पातमा रहँदा मोतीजस्तै हुने र केही कारणवश कतै ढल्कियो भने त्यसको अस्तित्व नै नभए झैं जीवनलाई पनि त्यहि अर्थसँग सांकेतिक रूपमा जोड्दै यस खण्डकाव्यको शीर्षक नामकरण गरिएको देखिन्छ ।

### ४.१.२ संरचना

उपेन्द्र पागलको **शीतको थोपा** वि.सं. २०२५ मा लेखिएको एक सशक्त कृति/काव्य हो । यसमा जम्मा तेह्र (१३) वटा कविताहरू संकलित छन् । आफ्नै किसिमका लयमा प्रस्तुत गरिएका कविताहरूको यस पुञ्जलाई कविले खण्डकाव्यको रूप दिएका छन् । २८ पृष्ठमा विस्तारित रहेको यस खण्डकाव्यमा ५६४ हरफ तथा १४१ श्लोक समावेश छन् । प्रत्येक कविताको शीर्षक थोपा १,२,३ ... आदि क्रममा १३ थोपा सम्म विभक्त छन् । थोपागत श्लोक समानता कतै-कतैमात्र देखिन्छ भने आठ श्लोक वा ३२ हरफ देखि ५६ हरफ वा १४ श्लोक सम्म रहेका छन् । तीन शब्ददेखि छ शब्द सम्मका शब्दजालमा उनिएका हरफहरूमा ठोस आख्यानबीज भने कतै पनि पाइँदैन ।

### ४.१.३ भाव वा विचार

कविता सिर्जनका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । कविताको विषयवस्तु त्यसको बीज विचार वा प्रमुख भाव हो ( त्रिपाठी वासुदेव र अन्य संपा, २०४६, पृ.२०) । उपेन्द्र पागलको **शीतको थोपा** नामक खण्डकाव्यले मानवतावादी, ऐतिहासिक, सामाजिक, यथार्थवादी, प्रकृतिवादी, प्रेम, विरह, कुण्ठा, निराशा जस्ता विविध विषयवस्तुहरू बोकेका छन् । ती कविताहरूमा कतै सामाजिक त कतै पौराणिक प्रतिको व्यङ्ग्य पाइन्छ भने कतै जीवनका आशा, निराशा, व्यथा आदि अभिव्यक्त भएको पनि पाइन्छ ।

उपेन्द्र पागल मूलत : नव स्वच्छन्दतावादी प्रगतिवादी कवि हुन् । उनको यस खण्डकाव्यमा देखिएका सम्पूर्ण अभिव्यक्तिलाई केलाउँदा मिश्रित भाव देखा पर्दछ । कवि पागलका यी चार हरफे गद्यात्मक कवितामा सामाजिक ग्रामीण परिस्थितिको चित्रण, जीवन भोगाइको अनुभव, अस्तित्वको खोजी, पौराणिक पात्रबाट सकारात्मक सन्देशलाई आत्मसाथ गर्दै जीवनलाई सुमार्गतर्फ लाग्न आग्रह, प्रकृतिवादी, यथार्थवादी जीवनदृष्टि आदि भाव पाइन्छ, जसको उदाहरण सहित तल व्याख्या गरिएको छ :

**(क) जीवनवादी/कर्मवादी संदृष्टि**

मानिसले सदा आफ्नो अस्तित्वको रक्षाका लागि कठोर सङ्घर्षका साथ जीवनलाई निश्चित गन्तव्यसम्म डोऱ्याउनु जीवनवादी कर्मवादी सोच हो । यसरी हेर्दा कवि पागलको **शीतको थोपा** खण्डकाव्यमा संग्रहित कविताहरूमा जीवनवादी कर्मवादी दृष्टिकोण पाउन सकिन्छ :

जन्म जन्मको निरन्तरता
आशा निराशाभित्र लुकेको
फुङ्ग उडेको शिशिरपछि छ
तर वसन्तपनि यहि फुलेको ।

**थोपा.१.१**

तँ र म जन्मेपछि नै
जगतमा तेरो मेरो जन्म्यो
तर सपनामा ब्यूँझन खोज्दा
यो वरपर नै बाँचिरहेछ ।

**थोपा.१.५**

पानीको धारो सानै नै होस्
तर भूँईको ढुङ्गो त गहिऱ्याउँछ

कुलो पनि सानै होस् न त के भो

आफ्नो बाटो आफैं त काट्छ ।

**थोपा.३.४**

प्रस्तुत हरफहरूमा कविले जन्म जन्मको निरन्तरतालाई आशा तथा निराशामा लुकेका भाव-भङ्गी भन्ने सङ्केत गरेका छन् । यहाँ शिशिर भनेर ऋतुकालीन माघ र फागुन महिनालाई औंल्याएका छन् भने त्यस अवस्थामा जसरी हावाहुरी बहने गर्दछ त्यसै अनुसार यो जीवन पनि गतिशील रूपमा चलायमान रहेको छ । जसरी चैत्र वैशाख महिनामा उत्साह उमङ्गका साथ प्राकृतिक वातावरणीय रूपमा परिवर्तन हुन्छ त्यसरी नै मानिसमा पनि परिवर्तन आएको छ भन्ने भाव पहिलो श्लोकबाट अभिव्यक्त भएको छ । त्यस्तै यस जगतमा विविध मानिसको जन्म भए पश्चात आपसी लुछाचुडी अर्थात यो मेरो यो तेरो भन्ने जन्मिन जान्छ । तर वास्तविक रूपमा हेर्दा यस संसारमा मेरो तेरो केही छैन । सबै असत्यका खेति हुन् भन्ने समग्र जीवनवादी भाव कविले यहाँ प्रस्तुत गर्न खोजेका छन् । कविले जीवनको अध्ययन सुरूगर्नु भन्दा पहिला जीवनलाई व्यतीत गर्ने क्रममा पानीको उदाहरण दिएका छन् । उनले उक्त पंक्तिमा पानीको धारो भनेर निरन्तर गतिशील जीवनलाई देखाउन खोजेका छन् । अत : मानिसले जीवन यापन गर्दै जाने क्रममा सानो ठूलो किन नहोस् उसले आफ्नो बाटो आफैं खन्ने काम गर्दछ । आफ्ना लागि आफु नै काम र कर्तव्यमा तल्लिन रहन्छ । यहाँ कविले पानीको धारो, ढुङ्गो, कुलो आदिका माध्यमबाट मानिसको जीवन तथा कर्मको भावलाई संकेत गरेका छन् । त्यस्तै मानिसलाई कर्म गर्दा वा जीवन यापन गर्ने क्रममा सदा सचेत भएर अगाडी बढ्न पनि कविले यसरी आग्रह गरेका छन् :

कस्तो मान्छे जुको बन्नलाई

आफैं लम्बिन्छ अनि खुम्चन्छ ।

नुन पर्ला है, गोठालो डस्ता

यहि नै तिमीले होस पुऱ्याउनु ॥

**थोपा.३.१२**

जुको रूपी मानिसलाई अर्काको पसिना रूपी धन दौलत चुस्न पाउँदा आफ्नो मिहिनत र परिश्रमलाई निरन्तरता दिइरहन्छ । आफुलाई तृप्त बनाए पश्चात उक्त मानिसबाट टाढा भाग्दछ । कतै त्यस मानिसले नदेख्ने वा नभेट्ने स्थानमा अदृश्य भएर बस्न खोज्दछ । त्यस्ता मानिसबाट सधैं बचेर हिँड्न कविले अनुरोध गरेका छन् । त्यस्तै मानिसले गरेको धनार्जनलाई कविले यसरी हेरेका छन् :

मौरीलाई धुँवा लगाउँदै
मह काढ्न जान्ने मान्छे
संचय यो के को लागि
शीतको थोपा पात हिलुञ्जेल ॥

**थोपा.५.१**

चुस्न पाए पुग्छ सबैलाई
पाँचवर्षे बालकले आमा चुसे झैं
शुष्क आत्माहरु त सुकिसके
तर चुस्न मान्छे छोड्दैनन् ॥

**थोपा.५.३**

यसरी धुवाँ लगाउँदै मौरीको मह काढ्ने मान्छे आज पनि यत्र तत्र सर्वत्र देखिन्छन् । यसो भन्नुको मत्लव इमान्दार परिश्रमशील मानिसलाई लडाएर आफु अगाडी बढेर उन्नति गरौं भन्ने हो । उन्नति प्रगति गर्ने सोच लिँदालिँदै आफ्नो जीवनको अस्तित्व नै गुमाउनु परेको धारणा उक्त गद्यांशमा प्रस्तुत गरेका छन् । जीवनलाई एक शीतको थोपासँग तुलना पनि गरेका छन् भने पाँचवर्षे बच्चाले आमाको स्तन चुसे झैं चुस्दछ र त्यसलाई निमिट्यान्न रूपमा पुऱ्याउँदछ भन्ने अभिधात्मक अर्थ रहेको छ ।

विधिको दर्शन पाउनलाई
आफैंलाई पल्टाउ र पढ रे
पत्थर त आर्टिष्टले कुँदे भन्छन्
तिमी किन दिनहुँ धाइरहेको ?

**थोपा.५.१०**

यस गद्यांशमा कविले भगवानको दर्शन पाउनलाई दिनदिनै मन्दिर धाइरहने भक्तजन प्रति तिरस्कृत भाव अभिव्यक्त गरेका छन् । भगवान आफुभित्रै छन् प्रथमतः आफैलाई चिन्ने प्रयास गर । मन्दिरमा रहेका देवता त आर्टिष्टले आर्ट गरेर मनोकल्पित रूपमा निर्माण गरेका मूर्तिमात्र हुन् । त्यहाँ धाउनु सदा पूजा आजा गर्नु उचित होइन भन्ने भाव व्यञ्जित हुन पुगेको छ ।

जीवन र मृत्यु कति टाढा छ र ?
तर यहि बुझ्न गाह्रो रहेछ
रहर पुगेर पनि बाँच्न चाँहि
मान्छेले दु : ख नै बेसाइरहेछ ॥

**थोपा.९.६**

मानिस जन्मिएपछि अवस्य मर्दछ । जन्म र मृत्युको सम्बन्ध समय नै रहेको भए तापनि मानिसले यहि जन्म र मृत्यु बुझ्नलाई सकिरहेका छैनन् । बाँच्ने क्रममा मानिसको रहर पुगे पनि उसको भाग्यमा रहेको समयसम्म अवस्य बाँच्नै परेको संघर्षमय जीवनलाई यस कवितांशमा प्रस्तुत भएको छ ।

ईश्वर लुकेको ठाँउ छाम
आफ्नै आत्मासित सोध
पाउनु केलाई र पाइन भन्छौ
आफैं एक समाधान त रोज ॥

**थोपा.११.५**

आफ्नो इच्छा आकांक्षा पुरा होस् भनी सधैं मन्दीर धाउने मानिसलाई कविले यस गद्यांश मार्फत अपील गरेका छन् । आफ्नै शरीरलाई प्रतीकमानी कविले आफुभित्र भएको देवत्वको शक्तिलाई पहिचान नगरी अन्यत्र डुल्ने मानिसलाई कविले गम्भीरता पुर्वक सजग गराएका छन् । आफु को हो भनी प्रथमत : आफैँलाई पहिचान गर, यसैमा ईश्वरको वास छ भन्दै आत्मज्ञानप्रती खवरदारी गराएका छन् । केही प्राप्त गर्नका लागि कतै दिग्भ्रमित हुनु पर्दैन भन्दै कविले जीवन तथा कर्मवादी सोच प्रस्फुटित गरेका छन् ।

अंधेरोमा पनि देखिन्छ आँखा
नत्र अन्धो कसरी हिँड्थ्यो ?
समुद्रमा पनि बन्छ बाटो
नवने रामको सैन्य कसरी तर्थ्यो ?

**थोपा.१२.१०**

प्रतीकात्मक अर्थमा अभिव्यञ्जित भएको उक्त गद्यांशमा इच्छा शक्तिलाई दृढ बनाइ कर्मप्रति लगनशील भएर लाग्नुपर्छ भन्ने सन्देश प्रवाह गरेका छन् । यहाँ दृष्टिविहीन मानिसको उदाहरण दिएर कविले कर्मप्रति लक्षित गर्दै त्यसमा निरन्तर लागि रहन प्रोत्साहन गरेका छन् । यदि निरन्तर रूपमा मानिसले कर्म गरेमा अवस्य पनि सफल हुन सक्छ भन्दछन् ।

यसरी यस काव्यमा व्यापक रूपमा जीवनवादी दर्शन र कर्मवादी सोच प्रमुख रूपमा आएको छ । समग्रमा हेर्दा मानिस सदा कर्मवादी र जीवनवादी भएर आफ्नो जीवनलाई अगाडी बढाउन बाध्य छ र बढाइ रहेको छ भन्ने भाव व्यञ्जित हुन पुगेको छ ।

### (ख) अस्तित्वको खोजी

विसंगतिले भरिएको संसारमा मानिसले अनवरत अस्तित्वको खोजमा संघर्ष गरिरहेको हुन्छ । जीवनमा स्वतन्त्रताको वकालत गर्ने र आफ्नो निर्णयको परिणाम पनि आफैं भोग्न तत्पर हुने प्रवृत्ति अस्तित्ववादी कवितामा पाइन्छ । पागलको यस खण्डकाव्यमा अस्तित्ववादी सोच तथा विचारहरू पनि सशक्त रूपमा रहेका छन् ।

बाँझो धर्तीमा दावी गर्छन्
एउटा कृत्रिम रेखा तान्दै
विनाशको क्षणलाई निम्ता किन हो ?
यदुकुलमा कृष्ण मरे झैं ॥

**थोपा.६.१**

खन्नु पर्दैन मूलालाई डोब कसैले
गर्नु पर्दैन गुन कसैलाई कसैले
आखिर साढे तीन हातकै लागि हो
मानिस अस्तित्व नबिर्सिदेऊ ॥

**थोपा.६.११**

उक्त गद्यांशमा निस्सारपूर्ण जीवनमा मानिस सधैं झैं झगडा अथवा यो तेरो यो मेरो भन्दै किन भन्छन् ? आखिर एकदिन मनुष्यले यो संसार त्यागेर परलोक जानै पर्दछ । बाँचञ्जेल यस धर्तीलाई टुक्रा टुक्रा पारेर भएको संरचनालाई विनाश गर्नु हुँदैन । यहाँ शक्ति छ, सम्पूर्णता छ भन्दै अभिधात्मक अर्थमा अस्तित्ववादी सोच प्रस्तुत गरेका छन् । त्यस्तै प्रतीकात्मक रूपमा मूलालाई देखाउँदै मानवरूपी जीवनप्रति लक्षित गरेको देखिन्छ । जसरी मूलाले हुर्कन तथा बढ्नका लागि जमीनमा गहिराइ सम्म पुग्दै सतह माथि हरियो हुँदै आफु संघर्षशील भएको अवगत गराउँदछ त्यसरी नै मानिसले पनि आफ्नो अस्तितत्व संरक्षणका लागि सदैव आफैं प्रयत्नशील रहनु पर्दछ । अन्त्यमा मानिसलाई आवश्यक पर्ने वा मृत्युकालीन अवस्थामा शरीर

राख्नका लागि साढैतीन हात मात्र जमिन आवश्यक पर्दछ भन्ने अभिधात्मक अर्थ प्रस्तुत भएको छ । जीवन यापन गर्ने क्रममा आइपर्ने विविधता माथि आफ्नो अस्तित्वलाई कायम राख्दै संघर्षरत जीवन बाँच्न कविले आग्रह गरेका छन् ।

### (ग) प्रकृतिवादी

जीवनलाई सञ्चालन गर्दै जाने क्रममा प्रकृति अर्थात वन, जङ्गल, फल, फूल, प्रेम प्रणय आदिमा आबद्ध भएर नै मानिस बाँचिरहेको हुन्छ । सोही अनुसार पागलका कवितामा पनि प्रकृतिवादी अवधारणाहरू यसरी प्रस्फुटित भएका छन् :

फुलेका फूल बगैंचा सजाउँछन्
लोभ नगर मान्छे चुँड्नलाई
खुल्ला प्रकृतिले दिएको मुस्कान
ओइलाउँछ हातमा हत्यारा नबन ॥

**थोपा.१०.४**

प्रेम त प्रकृति हो भन्छन्
हैन यो प्रणय प्रसाधन
प्रेम गरेर दुनिया बढ्छ
मृत्यु भएर संसार सुखी ॥

**थोपा.१०.१०**

प्रस्तुत कवितांशमा कविले फूल, बगैंचा, प्रेम, प्रणय आदिका माध्यमबाट प्राकृत रूपमा भएका विषय वस्तुलाई उपमा बनाउँदै अभिधात्मक अर्थमा प्रकृतिवादी अवधारणा अभिव्यञ्जित गरेका छन् । यदि बगैंचामा  फुलेका फूल नभए चौरमा परिणत हुन्छ । अत : बगैंचा सजाउन फुलेका फूल नै आवश्यक हुन्छ । यहाँ फूलका माध्यमबाट मानिसप्रति लक्षित गर्दै उर्जाशील र क्रियाशील रहन प्रतीकात्मक अर्थमा अस्तित्ववादी धारणा प्रकट हुन गएको छ । कलिला कोपिला रूपी फूल नटिप भन्दै मानिस प्रति लक्षित गरेका कवि पागलले उर्जाशील बाल बालिकालाई सदैव कर्मप्रति

प्रोत्साहित गर्न सुझाव गरेका छन् । कर्मशील र प्रयत्नशील रहेर मात्र जीवनले सार्थकता प्राप्त गर्न सक्दछ । प्रयत्नशील मस्तिष्कलाई हतोत्साहित गर्नु भनेको हत्या गर्नु हो भन्ने सन्देश प्रवाह गरेका छन् । प्रेम, दया, माया भनेको प्रकृतिको वरदान हो । अत : मानिसले सदा सर्वदा प्रेममा रमाउन सिक्नुपर्छ । जन्म र मृत्युका बीचको समय नै जीवन हो । जीवनमा प्रेम, प्रणय भाव राख्यौं भने संसार सुन्दर र सुरम्य बन्दछ । यदि यसको विपरित मृत्यु प्राप्त भएमा यस धर्तीबाट मानिस सदा सर्वदाका लागि विदा हुन्छ भन्ने निस्सारवादी सोच पनि यहाँ कविले प्रस्तुत गरेका छन् ।

### (घ) स्वस्फूर्त मौलिक लय

कविता विधाको आदिम कालसँगै देखा परेको पद्यात्मक विधालाई कवि पागलले आफ्नै मौलिक स्वस्फूर्त लय स्थापित गर्ने प्रयत्न गरेका छन् । तीन देखि सात सम्मका शब्दलाई एक हरफमा राखी गद्यात्मक लयलाई स्वस्फूर्त रूपमा राखी प्रस्तुत गरेका छन् । उनको २८ पृष्ठमा विस्तारित रहेको यस खण्डकाव्यमा जम्मा १४१ श्लोकहरू रहेका छन् । अत : कवि पागल गद्यलाई पद्य जस्तो देखाइ मौलिक स्वस्फूर्त लयको सिर्जना गर्न सशक्त देखिन्छन् ।

### (ङ) समानता स्वतन्त्रता र स्वाभिमानको स्वर

नदी अखण्ड सार्वभौमिकताको प्रतीक हो । नदीमा जीवन छ र राष्ट्र छ । कुनै पनि राष्ट्रवादी चेतनाका लागि नदी रूपी सार्वभौमिकता माथिको हनन् स्वीकार्य हुँदैन । जीवन र राष्ट्र भन्दा माथि कहिँ केही हुन सक्दैन । अत : आडम्बरका शक्तिपीठहरू परास्त हुन सक्छन् । कवि पागलले यहि भावलाई उजागर गरेका छन् :

सब थोक छ आफैंमा हाम्रो
किन खोज्नुपर्‍यो अन्त कतै
तीर्थाटनलाई काँध चढेर
किन डुल्नुपर्‍यो धाम सबै ॥

**थोपा.११.२**

साँच्चै यात्री देवकोटाका
फर्क फर्क लौ आफैं तिर नै
देऊ बलीदान शिबी बनेर
गर प्रेम आफ्नै आत्मासँग नै ॥

**थोपा.११.३**

कवि पागलका विचारमा आफैँ भित्र सबथोक छ । यस संसारमा सुख भोग्नका लागि कतै घुम्न भौँतारिन पर्दैन । आफ्नो हृदयलाई शुद्ध बनाइ सत् विचार र सत् कर्ममा तल्लीन रहे तीर्थाटन गरेर धर्म हुन्छ भन्ने खोक्रो आडम्बर परित्याग गर्न सुझाव दिएका छन् ।

## ४.१.४ सर्गयोजना

काव्यमा जीवनका एकांशलाई झल्काउने खालका भावको विषयगत अभिव्यक्तिको प्रवाहात्मक शृङ्खला नै सर्गयोजना हो (अवस्थी, २०६४, पृ.५५) । प्रस्तुत खण्डकाव्य भित्र कविले सर्गलाई थोपा नामकरण गरेका छन् । यस खण्डकाव्यलाई १३ थोपामा विभाजन गरेका छन् । सर्गमा ८ श्लोक देखि १४ श्लोकसम्म कविताहरू रहेका छन् । यस खण्डकाव्यमा प्रस्तुत भएका सर्गगत योजनाहरूलाई निम्न लिखित तालिकाका माध्यमबाट उल्लेख गरिन्छ :

| थोपा | श्लोक सं. | भाव |
|---|---|---|
| १ | ९ | विसंगतिको चित्रणका साथै आशावादीका रूपमा जीवनबोधको प्रस्तुती, |
| २ | ८ | मानवीय गतिविधि तथा अस्मिता बोधको चित्रण, |
| ३ | १३ | संघर्षात्मक स्थितिको चित्रण तथा संघर्ष नै जीवन हो भन्ने अभिव्यक्ति, |
| ४ | ९ | परनिर्भरता, स्वर्थपूर्ति र अमानवीयताको चित्रण, |
| ५ | ११ | मानवीय विरक्तिपूर्ण विछिप्तावस्थाको चित्रण, |
| ६ | ११ | प्रतीकात्मक, अस्तित्ववादी, विद्रोहात्मक स्वर, |
| ७ | १३ | निराशावादी, विद्रोहात्मक तथा प्रश्नात्मक स्वर, |
| ८ | १२ | सूक्ष्म आशावादी किरण, दुर्जनलाई सज्जन बन्न आग्रह, |
| ९ | ९ | आशावादी तथा समतावादी सोच, |
| १० | १४ | मानिसलाई मानिस मै भुल्न देउ भन्ने मानवतावादी स्वर, |
| ११ | १० | यथास्थितिवादी धारण, |
| १२ | ११ | गर्दा जे पनि हुन्छ भन्ने संघर्षात्मक अभिव्यक्ति, |
| १३ | ११ | मानवरूपी शरीरमा दानवरुपी आत्मा प्रवेश गरी खेलेको भूमिका र फैलिएको सन्त्राशमय अवस्थाको चित्रण, |

यसरी यस खण्डकाव्यमा जीवनका विविधतालाई विभिन्न किसिमले वर्णन गरिएको छ । यसको श्लोक, वर्ण, मात्रा आदि नमिलेको हुँदा यसको थोपागत समानता भने प्राय देखिँदैन ।

### ४.१.५ भाषाशैली

कुनैपनि विषय वस्तुलाई सरसपूर्ण अभिव्यक्त गर्ने एक भाषिक कला साहित्य हो र यसलाई भाषिक माध्यम अँगाल्ने सौन्दर्यपूर्ण वस्तुका रूपमा लिइन्छ । त्यसैले साहित्यकै एक लयात्मक विधा स्वरूप कविता र त्यसको मध्यम आयामको उपविधा स्वरूप खण्डकाव्यमा पनि भाषाको सौन्दर्यपूर्ण प्रयोग अपेक्षित नै रहन्छ । भाषाको सौन्दर्यपूर्ण प्रयोगलाई नै साहित्यिक भाषाशैली भन्ने गरिन्छ । खण्डकाव्यका सन्दर्भमा भाषाको सौन्दर्य सम्बन्धि विषयवस्तु तथा त्यसका भावात्मक एवं वैचारिक अर्थगत संरचना आदिसँग जोडिने गर्दछ (अवस्थी, २०६४, पृ : ५३) ।

यसै आधारमा कवि पागलको यस खण्डकाव्यमा पनि भावात्मक तथा वैचारिक अभिव्यक्तिहरू प्रशस्त रहेका छन् । समग्र जीवनका कटुयथार्थ पीडा-बोधहरूलाई साहित्यिक भाषाशैलीका माध्यमबाट कविले अभिव्यक्त गरेका छन् । १३ थोपा तथा १४१ श्लोकमा समेटिएको यस खण्डकाव्यमा जटील, झर्रो, तथा आगन्तुक आदि शब्दहरूको प्रयोग गरिएको छ भने कतै साधारण सुरम्य सरल शब्दावलीहरूको समेत प्रयोग गरिएको छ । त्यस्तै रिटायर - पेन्सन जस्ता अङ्ग्रेजी, चक्रव्यूह - अर्धमुदित - आकृति - प्रणय - सन्ध्या - दिनकर जस्ता संस्कृत भाषाका शब्दहरूको प्रयोग गरिएको छ । कारिन्दा - तोकपत्र जस्ता अरबी शब्द र फगत - कहानी - दस्तुर जस्ता फारसी शब्दहरूको प्रयोग पनि यस संग्रहमा गरिएको छ ।

### ४.१.६ लयविधान

लय शब्दले गहन, एकाग्रता, तल्लीन, तन्मयता, विलयन, संगीतमा स्वरको आरोह अवरोहको विशेषक्रम, प्रवाह आदि अर्थबोध गराउँदछ । संगीत र काव्यको प्राण तत्त्वका रूपमा रहेको लयलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिइएको पाइन्छ । लयले कविता र गद्ययमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई पनि बुझाउँदछ । लयको उत्पत्ति, प्रवाह, गति-यति, आदिको पारस्परिक मेलबाट हुन्छ । “कतिपय कविताकृति वा खण्डकाव्यमा श्लोक वा अनुच्छेद नछुट्टिई निरन्तरित पंक्ति

प्रवाहको पनि प्रयोग हुने गर्दछ । यस क्रममा श्लोक अनुच्छेद वा निरन्तरित पंक्ति प्रवाह भित्रका विभिन्न वाक्य, पंक्ति वा पाउका बीच निश्चित वा वैकल्पिक रूपमा अन्त्यानुप्रासको र कतै कतै आद्यानुप्रास र मध्यानुप्रासको संयोजन पनि हुन सक्दछ, जसबाट लयात्मक शैलीगत श्रुतिमाधुर्यले थप उत्कर्ष प्राप्त गर्दछ" (अवस्थी, २०६४ पृ.५४) ।

कवि उपेन्द्र पागलको यस खण्डकाव्यमा चार हरफे श्लोक रहेको भए तापनि यसमा वार्णिक लय रहेको छ । खण्डकाव्यमा आदि, मध्य र अन्त्यानुप्रासको मिलनमा भने केहि कमि रहेको देखिन्छ । "श्लोक वा अनुच्छेदका प्रत्येक वाक्य वा पंक्तिमा वर्णमात्रा, मात्रा वा वर्णको उन्मुक्त वितरणमा आधारित रहने लय : मुक्त लय हो र यसलाई गद्य कवितात्मक लय पनि भन्ने गरिन्छ"(अवस्थी, २०६४, पृ.५४)।

### ४.१.७ उक्तिढाँचा

जीवन जगतका कुनै विषय विशेषकै भाषिक लयात्मक कथन वा उक्ति नै खण्डकाव्य हो (अवस्थी, २०६४, पृ.५६) । **शीतको थोपा** खण्डकाव्यको आख्यानात्मक रूपलाई प्रस्तुत गर्दा कविले मुख्यत : तृतीय पुरुष प्रधान कथन पद्धतिको प्रयोग गरेका छन् । यस तृतीय पुरुष प्रधान कथन पद्धतिले कतै वर्णनात्मक विधि त कतै मनोवादात्मक अन्तर्विधिलाई पनि अँगालेको छ । कथनात्मक उठानका रूपमा भने प्रथम पुरुषको पनि प्रयोग भएको छ । तर यस खण्डकाव्यमा मुख्यत : आख्यानात्मक रूपलाई हेर्दा तृतीय पुरुष कथन पद्धतिको प्रयोग भएको पाइन्छ ।

### ४.१.८ विम्ब र प्रतीक विधान

#### (क) विम्ब

खण्डकाव्यमा कथन गरिएको मुख्य भाव विचारकै सहचर छाया जस्तो भई आउने अर्को अर्थलाई विम्ब भनिन्छ (अवस्थी, २०६४, पृ.५६) । सर्जकका मानस पटलमा रहेको मानसिक तस्विरलाई भाषाका माध्यमबाट, अप्रस्तुतको मूर्तका

माध्यमबाट अमूर्तको चित्रण गर्दछ । "कविताको अनुभूतिलाई शब्दावली अभिव्यक्त गर्ने मूर्त भाषा नै कविताका सन्दर्भमा विम्ब भएकाले यसले मूर्त वस्तु, लक्षणा, कार्यव्यापार आदिलाई समेटेको हुन्छ (गौतम, २०६६, पृ.५६२) । यसै आधारमा उपेन्द्र पागलको खण्डकाव्य **शीतको थोपा** भित्रका कविताहरू पनि ज्यादै सशक्त पाइन्छन् ।

कवि पागलले अन्तर्द्वन्द्वका भावाभिव्यक्तिलाई प्रकट गर्ने क्रममा आफुले जानेका-देखेका-सुनेका-भोगेका जीवन जगतका सामाजिक, राजनैतिक, आर्थिक आदि क्षेत्रका विविध नवीन पुरातन विम्बहरूको प्रयोग गरेको पाइन्छ । यस खण्डकाव्यको शीर्षक नै विम्बात्मक रहेको छ । उनको यस खण्डकाव्यको पहिलो थोपाको पहिलो श्लोकमा नै विम्बहरूको प्रशस्त प्रयोग भएको छ ।

(क) जन्म जन्मको निरन्तरता
आशा निराशाभित्र लुकेको
फुङ्ङ उडेको शिशिरपछि छ
तर वसन्त पनि यहि फुलेको ॥

**थोपा.१.१**

(ख) न्यायको नाममा ठट्टा गरेछन्
उपकार भन्दै अपकार बढेछन्
भदौमा नजर फुटेकालाई धती झैं
जुकाहरु त हरियो नै देख्ता रहेछन् ॥

**थोपा.८.६**

प्रस्तुत उदाहरण (क) मा प्रयुक्त विम्बले उजाड भूमि वा उर्वर समय पछि नयाँ सुवासित सूरम्य समय पनि निर्लिप्त हुन्छ भनेको छ भने (ख) मा हरियाली समयमा आँखा नदेख्ने भएका प्राणीहरूले सदा सर्वदा धर्ती नै हरीयो ठान्दछन् भन्ने विम्बका रूपमा प्रस्तुत भएको छ । उजाड भूमिका रूपमा फुङ्ङ, शिशिर, केही आशा वा हरीयालीका रूपमा वसन्त, हरीयालीमा आँखा नदेख्ने रूपमा भदौमा नजर फुटेका

जुका शब्दहरू आएका छन् । **शीतको थोपा** खण्डकाव्य संग्रहका उपर्युक्त तथ्याङ्कहरूमा रहेका विम्ब, तिनको कथ्य विम्ब र विम्बार्थलाई यस प्रकार तालिकाबद्ध गरिएको छ :

| **तथ्याङ्क** | **कथ्यगत विम्ब** | **विम्बार्थ** |
|---|---|---|
| क | फुङ्ङ | कुनै प्रकृति वा वस्तुको चमक रमणीयता आदि नहुँदाको अवस्था |
| | शिशिर | चिसो हावा, सिरसिर चल्ने मौसम वा माघ फागुन महिना |
| | वसन्त | वनस्पति वा बोट विरुवामा पालुवा लाग्ने र फूल फुल्ने समय |
| ख | भदौमा नजर फुटेका | हरीयाली समयमा आँखा नदेख्ने भएको वा घुसखोरी गर्न पल्केकाहरूलाई घुस, अत्याचार, अनाचार गर्नु |
| | जुकाहरू | मानिस तथा अन्य प्राणिको छालामा टाँसिएर रगत चुस्ने शोषक वर्गका रूपमा प्रस्तुत |

**(ख) प्रतीक**

कुनै विषयवस्तु वा चीज बीजलाई प्रतिनिधित्व गर्ने सजीव वा निर्जीव वस्तुलाई प्रतीक भनिन्छ । यो कुनै वस्तुको काव्यिक प्रतिनिधित्व गर्ने सांकेतिक प्रतीक हो (गौतम, २०६६, पृ.५६७) । यस दृष्टिले कवि पागलको खण्डकाव्य भित्रका कविता हेर्दा ज्यादै सशक्त पाइन्छ । उनको खण्डकाव्यको यो शीर्षक नै प्रतीकात्मक रहेको देखिन्छ ।

(क) एउटा उड्दै गरेको खरानीको थुप्रो
कति माया मान्छे निम्रो जीवनको

यो त शीतको थोपा कर्कलाका पातमा
खालि बिहानले मात्र सजाउँछ ॥

**थोपा.८.२**

(ख) अमृत पिएका भए एकै दिनमा
पृथ्वीका जीवात्मा डबलिन्थे
नगर खोज अमृतको मान्छे
भस्मासुरको शिवजी बनौला ॥

**थोपा.९.३**

प्रस्तुत उदाहरण (क) मा कविले जीवनलाई एक अस्तित्व विहीन निस्सार जीवनका रूपमा चित्रित गरेका छन् । यस अर्थमा खरानीको थुप्रो निस्सारवादी र शीतको थोपा कर्कलाको पात अस्तित्ववादी प्रतीक बनेर देखा परेको छ भने तथ्याङ्क (ख) मा निरन्तर रूपमा एकैनासले कर्म गर नत्र भस्मासुरको शिवजी आफैँ परिएला भन्ने कथन रहेको छ। उपर्युक्त तथ्याङ्कहरूमा रहेका प्रतीक तिनको कथ्यगत प्रतीक र प्रतीकात्मक अर्थलाई यस प्रकार तालिकाबद्ध गरिएको छ :

| तथ्याङ्क | कथ्यगत प्रतीक | प्रतीकात्मक अर्थ |
|---|---|---|
| क | खरानीको थुप्रो | उडेर वा नाश भएर जाने क्षणिकरूपी जीवनको प्रतीक |
| | शीतको थोपा कर्कलाका पातमा | अन्त्यको निकट रहेको सौन्दर्यात्मक वस्तु |
| ख | अमृत | सत् कार्यमा लागेर आफ्नो जीवनलाई सुन्दर समर्पित बनाउनु |
| | भस्मासुरको शिवजी | कार्य प्रतिफललाई पनि उचित स्थान दिन सकिएन भने कार्यको अस्तित्व नरहने |

### ४.१.९ आयाम

कुनैपनि साहित्यिक कृतिका लमाइ चौडाइ र गहिराइ जस्ता तीन आयामहरू हुन्छन् (अवस्थी, २०६४, पृ.५७) । सोहि अनुसार वि.सं. २०४५ मा प्रकाशित भएको यो **शीतको थोपा** नामक खण्डकाव्यलाई हेर्दा यसमा २८ पृष्ठ रहेका छन् । २८ पृष्ठे लम्बाइ आयाम भएको प्रस्तुत खण्डकाव्यमा १३ थोपाहरू रहेका छन् । १३ थोपामा चार हरफे पंक्ति प्रवाहात्मक संरचनामा जम्मा १४१ श्लोकहरू रहेका छन् । एक हरफमा लामा छोटा तीन शब्द देखि सात शब्द सम्मका शब्दावलीहरू रहेका छन् । गद्यात्मक स्वस्फूर्त वार्णिक लयको प्रस्तुति यी सम्पूर्ण कविताहरूमा प्रयोग भएको देखिन्छ ।

## ४.२ निष्कर्ष

**शीतको थोपा** नामक खण्डकाव्यको लेखन वि.सं. २०२५ मा भएपनि विभिन्न अवस्था परिस्थिति आदिका कारण वि.सं. २०४५ सालमा मात्र प्रकाशित भएको देखिन्छ । कवि पागलको यो संग्रह प्रथम प्रकाशित खण्डकाव्य हो । गद्यात्मक मुक्तलयमा रहेको यस काव्यमा जीवन-जगतका विविध विषयवस्तुलाई समेटिएको छ । १३ थोपामा समेटिएको यस काव्यमा ठोस आख्यान बीज पाउन सकिँदैन । यसमा जीवन, कर्म, प्रकृति, दर्शन आदि विषयसँग सम्बन्धित रहेर वैदिक वाङ्मयका विभिन्न सूक्तिहरूलाई समन्वय गराउँदै विम्बात्मक एवं प्रतीकात्मक रूपमा प्रस्तुत गरेका छन् ।

# पाँचौं परिच्छेद

# उपेन्द्र बस्नेत पागलका कविताहरूको विश्लेषण

## ५.१ विषयगत परिचय

कवि उपेन्द्र पागल बस्नेतले वि. सं. २०१३/०१४ तिरबाट नेपाली साहित्यको कविता विधामा लेखन कार्यको आरम्भ गरेको पाइन्छ । हालसम्म आइपुग्दा उनका एक खण्डकाव्य र चार कविता संग्रहहरू प्रकाशित भएका देखिन्छन् । उनले लेखेको **शीतको थोपा** खण्डकाव्य अघिल्लो परिच्छेदमा विश्लेषण गरिसकिएको छ । यस परिच्छेदमा उनले रचना गरेका चारवटा कविता संग्रहहरूको अध्ययन र विश्लेषण गरिएको छ । उनका चार कविता संग्रहहरू यी हुन् : **जीवन भागिरहेछ (२०४६) यात्रा अलमलिरहेछ (२०४७) गोरेटोको खोजी (२०५४) र अलमलिएका पाइलाहरू ( २०६२) ।** उनका यी संग्रहहरू लामा-छोटा गरी जम्मा १४८ कविता १९ क्षणिका ( मुक्तक) र एक गीत समावेश भएका छन् । तीनका शीर्षकीकरण, संरचना, भावविधान, वैचारिक स्वर, लयविधान, उक्तिढाँचा एवं भाषाशैली जस्ता पक्षमा रहेका विशेषताको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

## ५.२ पागलका कविताहरूको शीर्षकीकरण

कुनै विषयको परिचय गराउने लेख वा ग्रन्थका अगाडी लेख्ने शब्द, शब्द समूह वा वाक्यलाई शीर्षक भनिन्छ । “कविताको शीर्षकले कविता कस्तो छ भन्ने कुरालाई सूत्रात्मक रूपमा प्रस्तुत गर्दछ” (ढुंगेल र दाहाल, २०६३, पृ.६) । कवि पागलका उक्त चार कविता संग्रहमा संरचित जम्मा १४८ कविताका शीर्षकले कवितामा वर्णित भाव तथा विषयवस्तुलाई अभिधात्मक वा सोझो अर्थमा समेटेका छन् भने कतै लक्षणा वा व्यञ्जनाका तहमा पुग्दा पनि समेट्न सकेका छैनन् । प्राय उनका कविताहरूको शीर्षकीकरण प्रतीकात्मक रहेका छन् । **जीवन भागिरहेछ** उनको पहिलो कविता संग्रह हो । यसमा ३६ कविता तथा १० क्षणिका (मुक्तक) हरू रहेका

छन् । यी सम्पूर्ण कविताहरूमा रहेका शीर्षकले अलग अलग किसिमका विषयवस्तुहरूका उठान गरेका छन् । त्यस्तै **यात्रा अलमलिरहेछ** नामक कविता संग्रहमा उनका ५१ कविता तथा ९ क्षणिका (मुक्तक) रहेका छन् । **जीवन भागिरहेछ** नामक कविता संग्रहमा संकलित भएका विषयवस्तुलाई नयाँ परिस्कृत ढाँचामा प्रस्तुत गरेका छन् भने केही नयाँ विषयवस्तुको समेत उठान गरेका छन् । त्यस्तै किसिमले **गोरेटोको खोजी** नामक कविता संग्रहमा ३५ कविता र १ गीत समावेश भएका छन् । यस संग्रहमा विश्वयुद्ध, आणविक घटना, परिघटनालाई प्रतीकात्मक रूपमा उठाएका छन् भने जीवनमा घटित घटनालाई पनि विभिन्न उपमाका माध्यमबाट प्रस्तुत गर्ने काम गरेका छन् । यस संग्रहमा कविले गायन विधामा रहेको गीतलाई पनि समावेश गरेका छन् । कविता क्षेत्रको उर्वर अवस्था भनेर यसै अवधिलाई लिन सकिन्छ भने उनको अन्तिम तथा चौथो कविता संग्रह हो : **अलमलिएका पाइलाहरू** । २६ वटा कविताहरू रहेको यस संग्रहमा जीवनका विविध संघर्षपूर्ण आयामहरूलाई समेटेका छन् ।

कवि पागलका यी चार कविता संग्रहमा संकलित भएका १४८ कविता, १९ क्षणिका (मुक्तक), र १ गीत गरी जम्मा १६८ शीर्षकमा संरचित भएका कविताहरूले प्रकृतिचित्रण, शाषकको उन्मादपूर्ण स्वार्थको चित्रण, पिल्सिएका नेपाली जनताको चित्रण तथा माटो-मानव र मुटुको त्रिकोणात्मक समन्वय नै राष्ट्र हो भन्दै राष्ट्रभक्ति तथा देशप्रेमको भाव अभिव्यक्त गरेका छन् । परिवर्तनशील चेतनालाई मुखरित गर्नका लागि उनले साहित्यिक विधालाई कलात्मक ठानेका छन् ।

## ५.३ संरचना

संरचना भन्नाले रचनाको संगठन, ढाँचा, भाषाको स्वरूप, आयतन, शीर्षक निर्धारण आदि विविध पक्षसँग सम्बन्धित हुन्छ । रचनाको अनिवार्य घटक वा संरचकको संयोजनबाट निर्मित आकृति नै संरचना हो । कवि उपेन्द्र पागलका प्राय : कविताहरूमा एउटै केन्द्रीय कथ्य (भाव वा विचार) वर्तुलित आकारमा विस्तार भएको

पाइन्छ । प्रगीतात्मक संरचना मानिने यस किसिमका कवितामा कुनै भाषिक एकाइ ( शब्द, पदावली, उपवाक्य र वाक्य) को पटक पटक आवृत्ति गरिन्छ । यस पुनरावृत्तिका कारण कविताले केन्द्रीय भाव वा विचारको वरिपरि परिक्रमा गरिरहन्छ र परिक्रमाका अन्त्यमा पनि कविता त्यही केन्द्रीय भाव वा विचारमा विराम लिन आइपुग्छ (शर्मा, २०५५, पृ.११८) ।

वि.सं. २०४६ मा प्रकाशित **जीवन भागिरहेछ** नामक कविता संग्रहमा वि.सं. २०४१ /०४२ मा लेखिएका कविताहरू संकलन गरी प्रकाशन गरिएको देखिन्छ । यसमा ३६ कविता रहेका छन् भने १० क्षणिका (मुक्तक) हरू रहेका छन् । लामा-छोटा गरी जम्मा ४६ वटा रहेको यस संग्रहमा १८४ श्लोक तथा ७३६ हरफहरू समावेश भएका छन् । ४७ पृष्ठमा विस्तारित भएको यस संग्रहमा संकलित भएका ४६ कविताहरू नै अनुप्रासमुक्त चार हरफे गद्यलयका प्रयोगमा आबद्ध छन् । १ श्लोक देखि ११ श्लोक सम्म विस्तारित भएका यस कवितासंग्रहका कविताहरूमा विषयवस्तु अनुरूप सोझै भावनात्मक एवं प्रतीकात्मक रूपमा कविताको शीर्षक चयन गरिएको छ ।

यस संग्रहमा समावेश भएका कविताहरूले तत्कालिन परिवेशमा जीवन संघर्षका क्रममा देखा परेका सामाजिक विरोधाभाष, विषमता, विसंगति, विकृति, वितृष्णा र विश्वमानवताका धुक-धुकीहरूलाई आत्मसाथ गरेका छन् ।

त्यस्तै वि.सं. २०४७ सालमा प्रकाशित **यात्रा अलमलिरहेछ** नामक कविता संग्रहमा वि.सं. २०४२/ ०४६ मा लेखिएका कविताहरू संकलित भएको देखिन्छ । ८४ पृष्ठमा विस्तारित भएको यस संग्रहमा ५१ कविता तथा ९ क्षणिका (मुक्तक) हरू रहेका छन् । लामा-छोटा गरी जम्मा ६० शीर्षकहरूमा संरचित छन् । यस संग्रहमा ३२४ श्लोक तथा १३६० हरफहरू रहेका छन् । यसमा संकलित भएका केही कविताहरू अनुप्रासमुक्त छन् भने केही अनुप्रासयुक्त छन् । अनुप्रासमुक्त तथा अनुप्रासयुक्त भएका कविताहरू गद्यात्मक मुक्तलयमा आबद्ध रहेका छन् ।

कविले यस संग्रहका कवितामा मानवीय मर्मका सूक्ष्म सम्वेदनाहरूलाई आफ्नै अनुभव र आत्मपीडाका रूपमा सहज ढङ्गले सजीवताका साथ प्रस्तुत गरेका छन् । राष्ट्रिय अन्तराष्ट्रिय स्थितिबोधका झिल्काहरू, देशप्रेमका भावनाहरू, प्राकृतिक सौन्दर्यमय दृश्यावलीहरू, विसंगत जीवनका भौतिक भोगाइहरू र आत्मसम्वेदनाका मार्मिक अनुभूतिहरू स्वच्छन्द रूपमा यस कवितासंग्रहमा अभिव्यक्त भएका छन् ।

त्यसैगरी अर्को वि.सं. २०५४ मा प्रकाशित **गोरेटोको खोजी** नामक कविता संग्रहमा वि.सं. २०४५ देखि वि.सं. २०५४ सम्म लेखिएका कविताहरू संकलन गरी प्रकाशन गरेको देखिन्छ । ४३ पृष्ठमा विस्तारित भएको यस संग्रहमा ३५ कविता तथा १ गीत रहेका छन् । लामा-छोटा जम्मा ३६ वटा शीर्षकमा संरचित भएको यस संग्रहमा २०७ श्लोक तथा ९०५ हरफहरू रहेका छन् । यसमा संकलित भएका केही कविताहरू अनुप्रासमुक्त छन् भने केही कविता तथा गीतहरू अनुप्रासयुक्त छन् । अनुप्रासमुक्त तथा अनुप्रासयुक्त भएका कविता एवं गीतहरू गद्यात्मक मुक्तलयमा आबद्ध देखिन्छन् ।

**गोरेटोको खोजी** नामक कविता संग्रहमा कविले राष्ट्रिय तथा अन्तराष्ट्रिय जीवनधारका अनेकौं पक्षहरू समेटिएका छन् भने ग्रामीण जन जीवनप्रतिको मोह र शहरीया जीवनका विश्रृङ्खलता प्रतिको मोहभङ्ग भएका कविताहरू पनि समावेश गरेका छन् । आर्थिक, सामाजिक, सांस्कृतिक आदि पक्षमा देखापरेका वेथिति र विसंगति प्रति व्यङ्ग्य चेतनाको भाव पनि कविले कविता मार्फत पोखेका छन् ।

वि.सं. २०५०/२०५३ मा लेखिएका केही तथा अन्य कविताहरू रहेको यो **अलमलिएका पाइलाहरू** नामक कविता संग्रह वि.सं. २०६२ मा प्रकाशित भएको देखिन्छ । उपमा विम्ब र प्रतीकहरूको स्वस्फूर्त विधान भएको यस संग्रहमा ६४ पृष्ठ रहेका छन् । ६४ पृष्टाकारमा फैलिएको यस संग्रहमा २६ वटा कवितात्मक रचनाहरू समेटिएका छन् । यस मध्ये एक गीत, एक वर्णमात्रिक छन्दको कविता बाहेक अन्य

सबै गद्य कविताहरू गद्यात्मक मुक्तलयमा संरचित छन् । यस संग्रहमा संकलित २६ कविता तथा गीतहरूमा १९३ श्लोक वा अनुच्छेद तथा ९१८ हरफहरू रहेका छन् ।

पाँचौ कविता काव्यका रूपमा प्रकाशित भएको यस संग्रहका कवितामा राष्ट्रिय तथा अन्तराष्ट्रिय राजिनैतिक विसंगति, सामाजिक शोषण दमन, अन्याय अत्याचार, भ्रष्टाचार एवं उत्पीडनले जन्माएको विसंगति विकृतिको चिरफार गरेका छन् ।

## ५.४ भावविधान

कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । कविताको विषयवस्तु, त्यसको बीज विचार वा प्रमुख भाव हो ( त्रिपाठी र अन्य, २०४६, पृ.१७) । विषयवस्तुका चयनमा कवि पुरै स्वतन्त्र हुन्छ र ऊ निर्वाध रूपमा स्वेच्छापूर्वक अनेक विषयवस्तुको चयन गरी त्यसमा आफ्नो विचारलाई समेत मिसाएर काव्य सिर्जना गर्दछ । काव्य सिर्जनाका लागि जीवन जगतका यावत् विषयवस्तु अर्थात् संसारका जुनसुकै वस्तु, प्रकृति, संस्कृति, प्रेम, भूगोल, इतिहास, राजनीति, धर्म, मानवीय स्वभाव आदि ग्रहण गर्न सकिन्छ ।

कवि उपेन्द्र पागलका प्रस्तुत **जीवन भागिरहेछ, यात्रा अलमलिरहेछ, गोरेटोको खोजी र अलमलिएका पाइलाहरू** नामक चार कविता संग्रहहरूमा जम्मा १४८ कविता १९ क्षणिका (मुक्तक) र १ गीतहरू समावेश भएका छन् । यी कविताहरूमा विविध प्रकारका भावहरू अभिव्यक्त भएका छन् । आवेग, जडता, मोह, अमर्ष, औत्सुक्य, उन्माद, शङ्का, मति, त्रास, हर्ष, विषद, चपलता, चिन्ता, तर्क आदि भावहरू उनका कवितामा पाइन्छन् ।

### (क) आवेग

आवेग भन्नाले हडवडी हो । यो हर्ष, उत्पात, वितृष्णा, राज्य, शत्रु, इष्टमित्र, अनिष्ट आदि कारणबाट उत्पन्न हुन्छ (गड्तौला, २०७०, पृ.२१) । कवि पागलका यी

संग्रहका कविताहरूमा यस प्रकारको भाव पनि व्यापक रूपमा रहेको देखिन्छ ।

मन छरिएर भूइँभरि पाइतालाहरू बिफाइरहेछ
यो शून्य आकाशमुनि जिन्दगीको गति पनि लोलाइरहेछ ।
हाँसो र खुसीहरू फेकिएर स्ट्रेभित्र पत्पत् धुँवाइरहेछ
मुटुको धड्कन पनि पिरोलिएर भित्रभित्र छटपटाइरहेछ ॥

**जीवन भागिरहेछ,** 'एउटा प्रभाव' पृ.२०

बाबु र छोरा, आमा र छोरीबीच द्वन्द्व चलेको बेला
आऊ ! यिनैभित्र हाम्रो देश खोज्न
कतै झलकहरू भित्रै तिर्मिराएर
बसेको हुन सक्छ
झलक झलकमै हामी सबैले
अझै किन अलमलिनुपरेको छ ?

**अलमलिएका पाइलाहरू,** 'झलकहरू' पृ.५८

उक्त कवितांशमा मनभित्र भएका कुण्ठा, निराशा आदिलाई शब्दका माध्यमबाट भाव पोखेका छन् भने देशको अस्तित्व संरक्षण गर्नका लागि आन्तरिक कलह भन्दा राष्ट्रहितमा जुट्न आह्वान गर्दै मनका आवेगहरू पोखेका छन् ।

**(ख) मोह**

चित्तको व्याकुलता नै मोह हो । डर, दुःख, आवेग, ज्यादा सोचाइ आदि कारणबाट मोह भावको सृजना तथा उत्पन्न हुन्छ । यसमा मूर्च्छा, अज्ञान, पतन, रिङ्गटा, दिग्भ्रम आदि कार्य हुन्छन् । यिनै भाव भएका केही कविताहरू यस प्रकारका छन् :

एउटा हरियो बोतल भित्र पसेर लुक्न खोज्छु
तर सेतो काँचको ग्लासमा पोखिएर सकिदैछु ।

म एउटा नशा बिनाको मदिरा जस्तै
माया खोज्दा खोज्दै हराइरहेछु ॥

**जीवन भागिरहेछ ,** 'हराइरहेछ' पृ.३०

रात मेरो नै बोधको एउटा प्रतीक, दिन पनि एक प्रतीक
म मेरो नै ब्रह्मको प्रतीक बोकेर पिठ्यूँमा बोध केलाइरहेछु ।
वास्तवमा यो बुझ्न नसक्ने भइरहेछ बोधमा बसेर
यो मान्यताको निम्ति मान्यता हो दिन र रात झैं साटिएर ॥

**गोरेटोको खोजी,** 'भ्रमको इन्द्रेणी' पृ.१४

उक्त कविताांशहरूमा मनको व्याकुलता, विछिप्तता व्यापक रूपमा अभिव्यक्त भएको छ । प्रतीकात्मक रूपमा अभिव्यक्त भएको उक्त गद्यांशहरूमा कविले कतै आफ्नो अस्तित्व पो सकिदैछ कि ! अथवा आफ्नो अस्तितत्वलाई नै यथावत् राख्न मदिराको प्रयोग गरी कुबाटो तर्फ उन्मुख पो भइरहेको छु कि ! भन्ने द्वैध अवस्थाको प्रकट गरेको हुँदा दिग्भ्रमित भाव देख्न सकिन्छ भने रात र दिनलाई आत्मसाथ गरी जीवन रक्षाका निम्ति अगाडी बढीरहेका हामीले कतै दिन र रातलाई नै भुलेनौं ? भन्ने अज्ञानतावादी भाव पनि यस कविताांशमा कविले प्रकट गरेका छन् ।

### (ग) मति

कुनै वस्तुको निश्चित गर्नु नै मति हो । यो नैतिक कुरा पालन गर्नाले उत्पन्न हुन्छ । यसमा हाँसो, धैर्य, सन्तोष, आत्मसम्मान जस्ता कार्यहरू हुने गर्दछन् । पागलका यी संग्रहका कविताहरूमा पनि मतिभाव यत्र-तत्र रूपमा देख्न सकिन्छ ।

जीवन सत्य छ जो भोगिन्छ
मृत्यु सत्य छ जो वरण गरिन्छ ।
आज पनि सत्य छ जसलाई
ख्यालै नगरी बिताइन्छ ॥

**गोरेटोको खोजी,** 'यस्तो छ बेला' पृ.२

जता हेरे पनि ठाँउ बदली बदली कन्याउनेहरूको भीड छ
जता जता होस् ठाँऊ कुठाउ सरेर चिलाउने गर्ने रहेछ ।
लुतो समय आएपछि आफ्नै पीडामा आफु नै रमाउनु पर्छ
लुतो निस्केपछि जता जता चिलाउँछ उताउता नै कन्याउनु पर्छ ॥

**अलमलिएका पाइलाहरू,** 'जता चिलाउँछ उतै कन्याउनु पर्छ' पृ.३२

प्रस्तुत भएका उक्त कवितांशहरूमा जीवन दुःख-सुख, जे-जस्तो भएपनि स्वाभिमान, हाँसो-खुसीका साथ बाँच्नुपर्छ भन्ने सन्तोषजनक भाव व्यक्तभएको छ भने अवसरवादी मानिसहरूलाई पनि प्रतिकात्मक रूपमा लुतोका माध्यमबाट देखाउन खोजेका छन् । यहाँ धैर्य, हाँसो, सन्तोष आदि भावहरू प्रष्ट रूपमा अभिव्यक्त भएको देखिन्छ ।

**(घ) त्रास**

मनमा उत्पन्नहुने अशान्तिपन नै त्रास हो । यो आँधी बेहरी, बिजुली, उल्कापात, क्षत-विक्षत अवस्था आदिबाट उत्पन्न हुन्छ । यसमा कम्पन, रोमाञ्च, डर आदि कार्यहरू हुने गर्दछ । त्रासदी भाव पनि पागलका कविताहरूमा पाइन्छन् ।

सुईइय .. स्वाऽऽ .... गड् गड् गड् गड् गर्दै
कालो मैलो अन्धकार फैलाएर कालरात्री झैं
कट्याक कट्याक गन्द्रयाङ् गुन्द्रुङ् गर्ल्याम् गुर्लुम्
अत्यन्त प्रवल प्रवाह अन्तरको हल्लिंदै आएको थियो भूकम्प ॥

**यात्रा अलमलिरहेछ,** 'विनाशकारी भूकम्प' पृ.८३

आज उर्वरा धरतीको छाती र आसराका कटेराहरुमा
चिरा चिरा भएर फाटेको छ अस्तितत्वका अवशेषहरू
अनगिन्ती लासहरुमाथि घुमिरहेछन् दुर्भावनाका गिद्धहरू
कोलाहल, भय र दूषित यो वातावरण क्रमश : ........

**यात्रा अलमलिरहेछ,** 'यापन' पृ.५४

उक्त गद्यांशहरूमा मनमा उब्जिएका भाव तरंगहरूलाई कविले अभिव्यक्त गरेका छन् । अचानक गड-गडाहट रूपमा आउने भयावह स्थितिलाई त्रासदीपूर्ण भावका आधारमा कविले वर्णन गरेका छन् । त्यस्तै यस धरतीमा भएका क्षत-विक्षत अवस्थालाई कविले प्रतीकात्मक रूपमा वर्णन गरेका छन् । आफ्नो जीवन रक्षाका लागि आफू मरे सरह भएर पनि निरीहता पूर्वक बाँचिरहेको त्रासदी वातावरण  यी कवितांशहरूमा अभिव्यक्तिएको छ ।

### (ङ) चिन्ता

चिताएको कुराहरू प्राप्त नहुँदा उत्पन्न हुने भाव वा विचार नै चिन्ता हो । यसमा शून्यता, सन्ताप आदि हुने गर्दछ । पागलका चारवटै कविता संग्रहका प्राय : कविताहरूमा यस भावको व्यापकता पाइन्छ ।

लिनु दिनु के छ र ? यो विडम्बनापूर्ण संसारमा
इर्ष्याहरू हुर्काउनु भन्दा चुडिएर जानु वेश छ जिन्दगीबाट
यी शून्य जिन्दगीका श्रृंखलाहरुमा उभिएर डुल्दै
भोक र रोगहरूमा डुब्नु भन्दा पलायन नै वेश छ जिन्दगीबाट ॥

**जीवन भागिरहेछ,** 'पलायन' पृ.६

एउटा हरीयो बोतल भित्र बसेर लुक्न खोज्छु
तर सेतो काँचको ग्लासमा पोखिएर सकिदैछु ।
म एउटा नशा विनाको मदिरा जस्तै
माया खोज्दा खोज्दै हराइरहेछु ।

**जीवन भागिरहेछ ,** 'हराइरहेछु' पृ.३०

जीवन एउटा सल्केको चुरोट झैं अन्तिमसम्म जलेर
मन भित्र कति हो कति धुँवाहरू उडाइरहेछ
यो जीवन कति भो बोक्रिएको गाछि झैं भएर पनि यहाँ
बाहिरी आडम्बरले मात्र बाँचेर आफु रूखहुनलाई बचाइरहेछ ॥

**यात्रा अलमलिरहेछ,** 'जीवन भार' पृ.६८

कवि पागलका उक्त कवितांशहरूबाट पनि स्पष्ट हुन्छ कि यो भौतिक तथा अध्यात्मवादी जन-जीवनमा निरीहता पूर्वक बाँच्नुपरेको भाव र त्यसबाट उत्पन्न हुने चिन्ता वा विचारहरूलाई अभिव्यक्त गरेका छन् ।

उक्त भाव वा विचार बाहेक अन्य धेरै विचार वा भावहरू पनि कवि पागलका कविताहरूमा देख्न सकिन्छ । पागलका कविताहरूमा जडता, उग्रता, श्रम, स्वप्न, अमर्ष, औत्सुक्य, स्मृति, विषाद, चपलता, तर्क जस्ता आदि सञ्चरणशील मनोभावका सान्दर्भिक अभिव्यक्तिहरू पनि देखिन्छन् । करुण, वीर, रौद्र, भयानक, शान्त आदि रसलाई अङ्गी रसका रूपमा राख्दै यी संग्रहका कविताहरू अगाडी बढेका देखिन्छन् ।

## ५.५ वैचारिक स्वर

कवि पागलका चार कविता संग्रह **जीवन भागिरहेछ, यात्रा अलमलिरहेछ, गोरेटोको खोजी र अलमलिएका पाइलाहरू** मा मुख्य विचारका रूपमा प्रगतिवादी, नव-स्वच्छन्दतावादी, प्रतीकवादी, यथार्थवादी आदिको अभिव्यक्ति गरिएको छ । यहाँ प्राकृतिक र ग्रामीण जन-जातीय सरल जीवनशैली प्रतिको उन्मुखताका साथै सहरीया एवं वैज्ञानिक सभ्यताका कलुषित कृत्रिमताको वितृष्णा जस्ता स्वच्छन्दतावादी वैचारिक पक्षको अभिव्यक्ति विशेष रूपमा गरिएको छ । त्यसै गरी अस्तित्वबोधी भाव एवं दुःखजन्य कारूण्य अभावका अभिव्यक्तिमा स्वच्छन्दतावादी, अस्तित्ववादी, विसंगतिवादी, मानवतावादी तथा जीवनवादी भाव नै प्रकट भएको देखिन्छ । वि.सं. २०४६ देखि ०६२ सम्म प्रकाशित भएका यिनै चार कविता संग्रहमा आबद्ध शीर्षक १६८ रहेका छन् भने यसमा गद्य, पद्य, मुक्तक तथा गीतहरू समावेश भएका छन् । यसमा समावेश भएका कविताहरूलाई हेर्दा वि.सं. २०४०/०५४ मा लेखिएका देखिन्छन् भने यिनै कविताहरूलाई संकलन गरी प्रकाशित गरेको देखिन्छ । अत : कविता क्षणिका (मुक्तक) तथा गीतहरूमा रहेका केही मुख्य मुख्य वैचारिक स्वरहरू यस प्रकार रहेका छन् :

### (क) अस्तित्ववादी जीवनदृष्टि

विसंगतिले भरिएको मानिसको चेतनाले बाँच्ने आधार अस्तित्वलाई बनाउँदछ । जीवनका विसंगतिलाई चिरेर केही हदसम्म आफ्नो अस्तित्व प्रमाणित गर्न मानिस पूर्ण रूपमा प्रयास गर्दछ । म हूँ भन्ने देखाउन मानिस निस्सार र निस्प्रयोजन भएर

पनि बाँच्नु भन्ने अस्तित्ववादी जीवनदृष्टि हो । कवि पागलले आफ्नो अस्तित्व रक्षाका लागि मदिराको सहायता तथा आफु मरे सरह भएर पनि जीवनमा बाँच्नु परेको बाध्यतालाई यसरी प्रस्तुत गरेका छन् :

मदिराको प्यालाबाट चुस्की लिएर
मेरो यौवनलाई न्यानो पारिरहेछु
मानौं मेरो भविष्य टुट्न नपाउँदैको सपना
मेरो छातिभरी राखेर जीवन सजाइ रहेछु ॥

**जीवन भागिरहेछ,** 'म टार्न खोज्दैछु अकाल मृत्युलाई' पृ.४

उक्त कवितांशमा कविले आफुलाई निरीह ठानेका छन् । लत्ता कपडा, माया मोह तथा सद्भावका अभावमा मदिराको सहायताले आफुलाई भुलाइ रहेका छन् । जीवनका उन्नति प्रगतिका डोरेटाहरूलाई यथार्थ धरातलमा सार्थकता दिन नसके तापनि भ्रमित सम्भावनाका माध्यमबाट काल्पनिक सुनौलो संसारको निर्माण गरी आफुलाई सजाइरहेको कुरा उक्त गद्यांश मार्फत अभिव्यक्त गरेका छन् । त्यस्तै जीवन भन्नु नै सपनाको खेती हो भन्दै कविले यसरी प्रस्तुत गर्दछन् :

जन्मनु एक्लो, मृत्यु थ्यो एक्लो, संगीत किन सपना भएछ ?
व्युझिएपछि विर्सनुपर्ने जीवन रमाइलै सपना रहेछ ।
झिलमिल झिलमिल दृश्यहरुमा दृश्य थपिदैं बित्ने रहेछ
सपना बाँच्दै सपना रमाऊँ जीवन सबको सपना रहेछ ॥

**अलमलिएका पाइलाहरू,** 'जीवन सपना' पृ.५५

प्रस्तुत कवितांशमा कविले जीवनलाई अझ गहिरिएर हेरेका छन् । यसमा जीवन दर्शन भए तापनि मूलत : अस्तित्ववादी भाव प्रखर रूपमा व्यक्तिएको छ । जीवन भन्नु एक सपना वा कल्पना हो । यसैका माध्यमबाट उन्नति प्रगतिका डोरेटाहरू कोरिँदै जान्छन् । आखिरमा जन्म र मृत्यु सुनिश्चित छ त्यहि पनि एक्ला

एक्लै । विकाशोन्मुख मुलुक तिर उन्मूख भइरहेको संसारमा झन् झन् वितृष्णाका अवसादहरू व्याप्तिदैँ छन् भन्ने भाव कविले यसरी प्रस्तुत गरेका छन् :

शहरी झलमल्लमा भ्रम छ अँध्यारो उज्यालोको
यो बेला किन वितृष्णा फैलिरहेछ मान्छेहरूमा
भविष्यतिर उन्मुख छ मतिहीनताको अविरल धारा
पाइला पाइलामा छरिएका छन् प्रयोगका अवसादहरू
आफ्नै आंगन क्रमश : किन प्रवासमा रूपान्तरित हुन खोज्छ ?

**अलमलिएका पाइलाहरू,** 'रङ्गहीन छ आस्था' पृ.१७

अँध्यारामा उज्यालो द्वैध अवस्थाको मिश्रण भएको यस संसारमा मानिसहरू भ्रमात्मक रूपमा आफ्ना इच्छा, चाहानाहरूलाई अगाडी बढाइरहेका छन् । यसमा वितृष्णा जागेको छ । बद्धि भ्रष्ट हुँदै गएको छ । आफ्नै परिवारजनहरू बाहिरिँदै पराइ बनेका छन् र पनि यसैमा आफ्नो सुनौलो संसारको परिकल्पना गरिरहेका छन् । अथवा आफु मरेर पनि आफ्नो अस्तित्व रहेको ठान्ने मानिसहरूको क्रमसंख्या दिन दिनै बढ्दै गएको भाव यस कवितांशको प्रमुख आशय हो ।

**(ख) जीवन दर्शन**

कवि उपेन्द्र पागलले उनका धेरै जसो कविताहरूमा आफ्नै जीवनका भोगाइ र अनुभूतिहरू पोखेका छन् । कवि जीवनवादी आस्थावादी वा अस्तित्ववादी भएकाले एउटा अठोट संकल्प तथा विभिन्न इच्छा आकांक्षालाई लिएर कवि अगाडी बढेका छन् । मन्दिर, मस्जिद, चर्च आदिलाई केन्द्रविन्दु बनाएर जीवन यापन गर्ने वा आफ्ना मनका धार्मिक भावनाहरू पोख्ने, जीवनलाई पवित्र साधनाको संसारका रूपमा कविले यसरी हेरेका छन् :

जीवनको वास्तविकता र न्यानोपन चिन्न नसकेर
कहिले मन्दिर, कहिले मस्जिद र कहिले चर्च धाइरहेछु ।

कहिले यौवनका सक्रिय र महत्त्वपूर्ण समयलाई
इन्कलावाद भित्र राखेर म आफैंलाई सताइरहेछु ।
फेरी एउटा मन्दिर बाँचेको छ
प्रारम्भ बाँचेको छ
एउटा निर्माणको शब्दमा
निर्णायक पाषाणहरू ।

**जीवन भागिरहेछ,** 'जीवन दर्शन' पृ.३९

त्यसरी नै कवि पागलले कवितामा विभिन्न किसिमले विभिन्न विषयवस्तुलाई छुट्टै तरिकाले प्रस्तुत गरेका छन् । यस धरतीमा जे-जती प्राकृतिक जैविक आदि चीज-बीजहरू छन्, ती आफैंमा पूर्ण छैनन् । कुनै एकमा अर्को पराश्रित भएर लुकेको छ भन्दै कवि आफ्ना भावनाहरूलाई प्रतीकात्मक रूपमा यसरी प्रस्तुत गर्दछन् :

रङ्गहरूको आफ्नै कुनै अस्तित्व छैन न त शब्द नै छ
प्रकाश पाए त्यसैले बोध दिन्छ अनन्त संकेतै संकेतहरूको
प्रभाभित्र ताप हुन्न तर पनि अनन्त किरणहरू छन्
त्यसैले तमसोमाज्योतिर्गमयः भित्र अनन्त उर्जा छ
आज पानीको रङ्ग हीनताको अर्थ बुझ्न सकौं
छेपारोको रङ्ग परिवर्तनको अर्थ बुझौं
समयले ओथारो खोजे पो कोरल्नु हुन्थ्यो छोपेर
बस्न आएको समयलाई खोस्रेर वरीपरी चारो खोजौं ॥

**गोरेटोको खोजी,** 'आजको युद्ध' पृ.३६

यसरी नै कवि पागलले विविध भाव भङ्गीहरूलाई प्रस्तुत गरेका छन् । कतै सोझा अर्थमा प्रस्तुत गरेका छन् भने कतै विविध प्राकृतिक, भौगोलिक तथा प्राणीहरूलाई प्रतीक मान्दै व्यंग्यात्मक रूपमा जीवनका परिदृश्यहरूलाई कविले उल्लेख गरेका छन् ।

**(ग) युगबोधी**

कवि उपेन्द्र पागलका कविताहरूमा युगबोधी भाव तथा विचारहरू पाउन सकिन्छ । उनले आफ्ना कविताका माध्यमबाट युगबोधी सन्देशलाई अभिव्यक्त गरेका छन् । उनले वर्तमानलाई प्रतिच्छायाका रूपमा उभ्याएका छन् । उनी हिजो वा भोलीका आफ्ना प्रत्येक पाठकले केवल आजको आभाष पाएको देख्न चाहान्छन् । अत : उनका कवितामा पलायनवादी होइन सहयोगी भावना प्रखर रूपमा रहेको छ । आफ्ना काम र कर्तव्यलाई निरन्तर गतिशील रूपमा अगाडी बढाउनका लागि गरिरहेको क्षमा याचना वा प्रार्थनालाई कविले यसरी प्रस्तुत गरेका छन् :

मुटु नभएका स्थिर पत्थरहरूमा
आस्थाको फूल चढाएर सबै डाली रित्याउँदै
कर्तव्यको वेदीमा आफुलाई हुत्याएर
म फेरी बरदान मागिरहेछु शान्तिको भगवानसित ॥

**जीवन भागिरहेछ,** 'युगबोध' पृ.३०

त्यसैगरी जीवनका ग्रामीण शहरीया तथा अध्ययन अध्यापनका रूपमा भएको कटु यथार्थलाई कविले जीवन्त रूपमा यसरी वर्णन गरेका छन् :

के पढ्नु पुराना कथाहरू? कटु जीवनका व्यथा पढेकै छैन
के पढ्नु महाभारत कथा ? यहाँ फेरी कृष्ण जन्मेकै छैन ।
समय निक्लेकै छैन साग र सिस्नोमा अल्झेको बेला
पख ! अलिक दिन गाउँ बाहिरै यी भोका आत्मा मरेकै छैनन् ।

**यात्रा अलमलिरहेछ,** 'गाउँको कथा' पृ.६९

कवि पागलका कविताहरूमा प्रशस्त युगबोधी सन्देशहरू पाइन्छन् । त्यस्तै दिनभरी खट्ने कर्मचारीको भन्दा हाँजिरमात्र गर्ने कर्मचारीको सेवा सुविधा बढी भएको कुरा व्यक्त गर्दै सार्क राष्ट्रमध्ये कम जागिर भएको नेपालमा सरकारी जागिरेले

परिवारको गुजारा चलाउनै गाह्रो पर्ने यथार्थता र आफ्नो अनुभव पनि कविता मार्फत कविले यसरी पोखेका छन् :

सार्क राष्ट्रहरू मध्ये कम जागिर मान छ
योग्यको भाउ थोरै छ गफीको बढी शान छ
चुक्ली चाकडी जान्दा त योग्यता किन चाहियो
आफ्नो चाकडी चल्दैन त्यसैले सास्ती खाइयो ।

**यात्रा अलमलिरहेछ,** 'क्षणिका' पृ.५७

तत्कालिन अवस्थालाई सरलताका साथ आफ्ना रचनामा अटाउन सफल कवि पागलले देशका सामाजिक राजनैतिक आदि विभिन्न क्षेत्रमा देखिएका विकृति विसंगतिलाई केलाउँदै पाठकमाझ सत्य-तथ्य घटनाहरू प्रस्तुत गरेका छन् । बढ्दो बेरोजगारी समस्याले निम्त्याएको बाध्यात्मक परिस्थिति, राजनीतिक अस्थिरताले निम्त्याएको गतिविधि, मानिसका आशा र भरोषालाई तोड्ने विविध गतिविधिको यथार्थ चित्रण कवि पागलका यी संग्रहका कविताहरूमा पाइन्छन् ।

### (घ) स्वतन्त्रता र मानवीयता

कवि उपेन्द्र पागलका उक्त चार कविता संग्रहमा मानवीय स्वतन्त्रता र मानवताको पनि उच्चतम प्रयोग भएको देखिन्छ । भोका र नाङ्गा श्रमिक मजदूरको आर्थिक, सामाजिक, विडम्बना, प्रतिस्पर्धा, आडम्बरी आदिलाई लिएर इच्छा आकांक्षाहरू शिथिल भएको स्थितिमाथि कविले यसरी वर्णन गरेका छन् :

प्रतिस्पर्धाका असीमित उच्चाइ सम्म पुग्न खोज्दा
मान्छेका आवाजै आवाजले आकाश गुञ्जिएको छ
खोक्रो र भोको पेटहरूले आवाजको पोषण खोज्दैन
नाङ्गा र खाली खुट्टाले उपदेशको आवरण ओढ्दैनन् ।

**अलमलिएका पाइलाहरू,** 'विचलन' पृ.४७

त्यसैगरी कवि पागलले वर्तमान अवस्थामा भएको घटित घटनाहरूलाई बिर्सँदै बाल्यकालीन मानवीय स्वतन्त्रतामा उन्मुख हुन पाए हुन्थ्यो भन्दै कविले आफ्ना भावलाई यसरी प्रस्तुत गर्दछन् :

एउटा निश्छल बालहृदय, उत्कण्ठा र चेष्टाहरूले
मलाई आफ्नो रमाइलो विगत झुल्काइदिँदैछ ।
वर्तमानबाट विगतको सुनौलो यात्रा इन्द्रेनी भएर
भाषा बिर्सन पाए बरु इन्द्रेनीको सुन्दरता बोध हुन्थ्यो ।

**गोरेटोको खोजी,** 'व्यक्तिन मन भए' पृ.२८

यसरी स्वच्छन्द रूपमा निर्वहण गर्दै मानवीय भावलाई अङ्गिकार गरी अगाडी बढ्न कविले आफ्ना कविता मार्फत अनुनय विनय गरेका छन् ।

**(ङ) देशप्रेम**

देशका विभिन्न गतिविधिहरू प्रति चिन्ता प्रकट गरी रचिएका यी संग्रहका रचनाहरूमा राष्ट्रियतावादी स्वर भेट्न सकिन्छ । राष्ट्रहितका पक्षमा आवाज उठाएका विभिन्न स्रस्टाहरूले नेपालीहरू वीर र स्वाभिमानी भएकै कारण कसैसामु झुक्न नपरेको कुरा व्यक्त गरेका छन् । माटो मानव र देश वा जन्मभूमिको त्रिकोणात्मक सम्बन्धबाट समग्र देशको उत्थान हुन्छ भन्दै कवि पागलले देशप्रेमी भावनालाई यसरी प्रस्तुत गरेका छन् :

देश भन्नु माटो मात्र होइन, जनता मात्र पनि देश हुन सक्दैन यथार्थमा
माटो र जनताको सार्वभौम समन्वय हो अस्तित्व र संस्कृतिको रेखाभित्र
देश एक्लैले थेग्न सकिन्न माटो एक्लैले उकेर्न सकिन्न ! त्यसैले
सबैले सबैतिरबाट जुर्मुराइ अलिकति हैँसे गरौं अलिकति होष्टे गरौं ॥

**गोरेटोको खोजी,** 'अलिकति जर्मुराए पुग्छ' पृ.३१

त्यसैगरी कवि पागलले नेपाली सञ्जीवनी वन-बुटीहरूलाई आफ्नै देशमा रहेका जनताहरूले प्रयोग गरुन् र त्यसैलाई प्रयोग गर्दै देशप्रेमी स्वभिमानी जीवनलाई आत्मसाथ गर्ने भावना यसरी प्रस्तुत गर्दछन् :

आफ्नै सुन्दर देशको कण कणै सञ्जीवनी फैलियोस्
तृप्तीभित्र पसी तरङ्गहरू झैं बाटो नयाँ पैलियोस् ।
जागेका मनका उमङ्गहरुमा बत्ती बले झैं गरी
ताराको नभमा अनन्त पिरती फैलेर चन्द्रै सरी ॥

**अलमलिएका पाइलाहरू,** 'कुन रङ्ग पोतौं नयाँ' पृ.४५

समग्रमा कवि पागलका यी चार कविता संग्रह (**जीवन भागिरहेछ, यात्रा अलमलिरहेछ, गोरेटोको खोजी र अलमलिएका पाइलाहरू**) मा यिनै मूलभुत वैचारिक स्वरहरू देखिए तापनि अन्य प्रकृतिप्रेमी, प्रणयभाव, यथार्थवादी चिन्तन, प्रगतिवादी क्रान्तिकारी चिन्तन, राजनैतिक चिन्तन, नैतिक चेतना, विकृति विसंगति आदि विभिन्न स्वरहरू प्रस्तुत भएको देखिन्छ ।

## ५.६ लयविधान

संगीत र काव्यको प्राण तत्त्वका रूपमा रहेको लय विधानलाई मानिसको आन्तरिक भावावेगका रूपमा पनि लिइएको पाइन्छ । लयले कविता र गद्यमा शब्द वा ध्वनि प्रवाहको ढाँचालाई पनि बुझाउँदछ । अत : कविता विधाको मुख्य परिचायक स्वरूप लयविधान नै हो (त्रिपाठी र अन्य, २०४६, पृ.१८) ।

गद्य र पद्य दुवै शैलीमा रचना गर्न सफल कवि उपेन्द्र पागलका प्रस्तुत चार कविता संग्रह (**जीवन भागिरहेछ, यात्रा अलमलिरहेछ, गोरेटोको खोजी, अलमलिएका पाइलाहरू**) भित्र एउटा पद्यात्मक कविता बाहेक अन्य सम्पूर्ण कविताहरू गद्यात्मक मुक्तलयमा आबद्ध छन् । कतिपय कविताहरू दृश्यात्मक रूपमा पद्य जस्तो देखिए पनि आन्तरिक संरचनामा भने गद्य लय नै रहेका छन् ।

कवि पागलका उक्त चार कविता संग्रहमा जम्मा १४८ कविता, १९ क्षणिका (मुक्तक) र १ गीत रहेका छन् । यी सबैमा विधा अनुरूपका ढाँचा देखिन्छन् भने लयविधानका क्षेत्रमा एक कविता **कुन रङ्ग पोतौं** मा सात श्लोकमा शार्दूलविक्रीडित छन्दमा आबद्ध कविता रहेको देखिन्छ ।

**गद्यात्मक मुक्तलय**

खाद्य वस्तुको खरावी हुन सक्छ
जाडोमा रगत बिग्रन सक्छ
प्रदूषण भरिएपछि रक्तकणहरूमा
सम्पूर्ण शरीर नै चिलाउँछ
आफैंलाई उधिनेर
आफैंलाई रक्ताम्य पारेर
कन्याउनु नै पर्छ
उत्तेजना बढ्दै जाँदा थाहा हुन्न
जता चिलाउँछ उतै कन्याउनु नै पर्छ ।

**अलमलिएका पाइलाहरू,** 'जता चिलाउँछ उतै कन्याउनु पर्छ' पृ.३२

यो जिन्दगीको काम नै के छ र ?
अलिकति बाँचिदिए पुग्छ होला
यो मनको पनि काम नै के छ र ?
अलिकति रंगिदिए पुग्छ होला ।

**जीवन भागिरहेछ,** 'पुग्छ होला' पृ.११

तिम्रो मन पनि मन नै रहेछ
हरियो बत्ती पोलमा बलिसकेको
तर सिग्नल गिर्न सकेन ।

**गोरेटोको खोजी,** 'यस्तै छ जीवन' पृ.३८

**पद्यात्मक मुक्तलय**

साँच्चै जीवनका अनन्त सुखका पाटाहरू नै छली
बिर्सी वैभवका स्वकीय भन नै वात्सल्यलाई लिई
हेर्दै स्वर्ग सरी प्रफुल्ल जननी सौदामिनी कामिनी
छर्दै मानसका प्रभाहरू सधैं माधुर्यकी किन्नरी ॥

**अलमलिएका पाइलाहरू,** 'कुन रङ्ग पोतौं नयाँ' पृ.४५

**गीत**

गहिरो खोला हिउँदको बेला यात्रा त झनझन गहिरो होला
माया नै मायाको क्षणिक काया हाम्रो यो जीवन माया कै प्याला ॥

**गोरेटाको खोजी,** 'गीत' पृ.३९

यसरी गद्यात्मक मुक्तलयलाई विभिन्न ढाँचामा देखाएका कवि पागलका समग्र कृतिलाई अध्ययन गर्दा उक्त कविताहरू स्वच्छन्द प्रवाहमा बहेका देखिन्छन् । कवि पागलका प्रत्येक रचनामा अन्तर्लयको प्रवाहित भएको पाइन्छ । कविता गद्यमा लेखिएको भए तापनि कवितामा निहीत भाव तथा संरचनात्मक अन्त : साङ्गीतिकता भने अलग्गै तर विशिष्ट किसिमको देखिन्छ ।

## ५.७ उक्तिढाँचा

कवि उपेन्द्र पागलका यी चार (**जीवन भागिरहेछ, यात्रा अलमलिरहेछ, गोरेटोको खोजी र अलमलिएका पाइलाहरू**) कविता संग्रहमा जम्मा १६८ वटा गद्य-पद्य कविता, मुक्तक, गीत आदि समावेश भएका छन् । यिनका यी कविता संग्रहहरूमा जीवनका विद्यमान अवस्थाको सूक्ष्म चित्रण, शोषक शोषित बिचको वर्गद्वन्द्वको चित्रण, देशकाल परिस्थितिको यथार्थपरक चित्रण, आम मानिसले देखेका-भोगेका वास्तविक यथार्थहरूलाई विभिन्न विम्ब, उपमा, प्रतीक आदिका माध्यमबाट प्रस्तुत गरेका छन् ।

कवि पागलका यी चार कविता संग्रहहरूमा समावेश भएका प्राय : सम्पूर्ण कविताहरू आफुले देखेका, भोगेका, सुनेका, पढेका विषयवस्तुहरूलाई आधार बनाएर एकालापीय ढाँचामा प्रस्तुत गरेका छन् । यिनले यस जन-जीवनमा व्याप्त विकृति, विसंगति, शोषण, दमन आदि कुराहरूलाई वस्तुपरक तथा आत्मपरक दुवै माध्यमबाट चित्रित गरेका छन् । कतिपय कविताहरूमा कवि आफैं प्रथम पुरुषीय ढाँचाबाट बोलेका छन् भने कतै तृतीय पुरुष कथनपद्धतिलाई अङ्गीकार गर्न पुगेका छन् । १४/१५ वर्षकै उमेरबाट नेपाली कविता साहित्यका क्षेत्रमा प्रवेश गरेका पागलका हाल सम्म प्रकाशित यिनै चार कविता संग्रहहरू रहेका देखिन्छन् । यिनको प्रथम प्रकाशित कविता संग्रह **जीवन भागिरहेछ** हो भने अन्तिम कविता संग्रह **अलमलिएका पाइलाहरू** हो ।

उनका चारवटै कविता संग्रहमा प्राय जन-जीवनमा व्याप्त सामाजिक, आर्थिक, राजनैतिक आदि घटनाहरूलाई मुख्य विषयवस्तु बनाएर आफ्नो जीवनसँग सामञ्जस्य गराउँदै अगाडी बढाएका छन् । यिनले कवितामा आदि, मध्य र अन्त्यको पारस्परिक सम्बन्धलाई भने त्यति महत्त्व दिन सकेका छैनन् ।

## ५.८ भाषाशैली

कृतिको विधागत आकार तथा प्रकारबाट नै भाषागत स्वरूपको निर्माण हुन्छ ( अनिवार्य नेपाली शिक्षण निर्देशिका : त्रि.वि. साझा प्रकाशन, काठमाडौं पृ.१३६) । कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नुछ त्यसका निम्ति उपलब्ध भाषिक विकल्प मध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, शब्द, पदावली, वाक्य र अनुच्छेद विधागत समेत सिर्जित हुने कुरा हो (त्रिपाठी र अन्य, २०४६ पृ.१९) ।

कुनैपनि साहित्यिक कृति उत्कृष्ट हुनका लागि भाषाका साथै शैली पनि सुन्दर हुनुपर्छ । भाषिक छनौटका दृष्टिले कवि उपेन्द्र पागलका चार (**जीवन भागिरहेछ, यात्रा अलमलिरहेछ, गोरेटोको खोजी, अलमलिएका पाइलाहरू**) कविता संग्रहका

कविताहरूलाई हेर्दा पद्यात्मक भन्दा गद्यात्मक कविताका भाषाशैली केही जटील देखिन्छन् । तथापि कवि पागलका कविताहरूको भाषाशैली सरल, सुबोध र सम्प्रेष्य रहेको पाइन्छ । केही कवितामा भने कविताको विषय र भावको गाम्भीर्यतालाई अभिव्यक्त गर्न त्यही किसिमका जटिल शब्द एवं पदावलीहरूको प्रयोग भएको पनि देखिन्छ । कविले आफ्ना कवितांशहरूमा दृष्टिभ्रम, मतिहीनता, उद्वेलितता, निशाचर, पाषणचूर्ण, सुरसा जस्ता प्रचलित अप्रचलित तत्सम शब्द तथा पदावलीहरूको प्रयोग गरेका छन् । त्यस्तै एडिङ मेसिन, क्याक्टस, क्यानभाष, रासनकार्ड, ब्रिफकेस, फ्रि साइज, किवोर्ड, ओजोन जस्ता आगन्तुक शब्द तथा सुइय....., स्वा.... आँ, थैथै, गन्द्रय्याङ् गुन्द्रुङ्, गुडुगुडु, तपतप जस्ता नेपाली जन-जिब्रोका अनुकरणात्मक शब्दहरूको पनि प्रशस्त प्रयोग गरेका छन् । छन्दमा लेखिएको कवितामा अन्त्यानुप्रासलाई त्यति ख्याल गरेको नपाइए तापनि शाब्दिक चयनमा भने राम्रै ध्यान पुऱ्याएको देखिन्छ । उनका कविताको भाषाको माधुर्य झल्काउने केही कवितात्मक उद्गार तल उद्धृत छन् :

म उदाउन सकूँ चन्द्रकिरणका अमृतकणहरूमा
म निदाउन सकूँ गगनचुम्बी हिमशैलहरूमा
म हिँड्न सकूँ मखमली घाँस र चट्टान चट्टानहरूमा
प्रिया ! तिम्रा हरेक पदचापहरुमा नुपूरको झंकार बनेर ।

**जीवन भागिरहेछ,** 'मेरा सम्पूर्ण अस्तित्वहरू' पृ.१

ज्यान बाँड्न मन लागिरहेछ
बफे डिनरको आरिमा बसेर ।
मन बाँड्न मन लागिरहेछ
रङ्गीन इन्द्रेणी लागेको क्षितीजमा ॥

**जीवन भागिरहेछ,** 'पुग्छ होला' पृ.११

यी इलेक्ट्रोन तत्त्वहरू

छालभित्र तरङ्गित भएर

इथर भित्र तरङ्गित भएर

इथर संग नै छाल संग झैं छल्किरहेछन् ।

**यात्रा अलमलिरहेछ,** 'मनभित्रको कविता' पृ.१६

यो हरियो कालो नीलो पहेंलो

कन्ट्राक्ट जिन्दगी एउटा गेग्राङ्गे बाटो झैं छ

**यात्रा अलमलिरहेछ,** 'आत्मबोध' पृ.२६

सत्यम् शिवम् सुन्दरम् यो विघटित भइरहेको पर्वतमा

एउटा तातो ज्वालामुखी फुट्नु नै पर्ने थियो अनास्थाको

एउटा त्रासद वातावरण प्रकृतिको हरेक मनमा छँदैछ

त्यसैले यो भूकम्प पनि आन्तरिक भूस्खलन तिर कुदिरहेछ ॥

**यात्रा अलमलिरहेछ,** 'एउटा भूकम्प' पृ.५५

विकराल अन्धकारमय महाप्रलय बोकेर ताण्डव झैं

प्रफुल्ल भएर चारैतिर प्राकृत शक्ति प्रदर्शन गर्दै

हाँकमाथि हाँक थपेर ढलपलढलपल पार्दै

विस्फोट ग्याँस बोकेर धरतीको स्वा...... गर्दै आएको थियो ॥

**यात्रा अलमलिरहेछ,** 'विनाशकारी भूकम्प' पृ.८३

इथरको मुकुण्डो लगाएर शल्यक्रिया कक्षभित्र

म चुपचाप निर्विरोध छट्पटी भित्र पनि बाँचिरहेको छु

मुटुको धुकधुकी चलिरहेछ र स्नायुमा रक्त प्रवाहित छ

श्वासको गति यथावत् राखेर केवल चेतना हराएको छ ।

**गोरेटोको खोजी,** 'अचेतन भित्रका छटपटीहरू' पृ.२५

झर्छिन यौवन ली पहाड चिरदै हाम्फाल्दछिन् मैं सँगै

प्यारी ती झरना बनेर सुखकी गङ्गा बगिन् मन्मनै ।

प्यारो त्यो हिमशैल हो प्रकृतिको सौन्दर्य स्रष्टा सरी

मौलाएर सधैं सुधामृत नयाँ फैलीदियो मन्भरी ॥

**अलमलिएका पाइलाहरू,** 'कुन रङ्ग पोतौ नयाँ' पृ.४५

खोंचहरुबाट कता कता हो कि हो कि झैं भएर
ढ्याङ्ग्रोको आवाज कता कता फैलिए झैं छ
विजुवाहरू सक्रिय हुन थालेको जस्तो छ
शक्ति प्रत्यारोपण गर्ने प्रयासहरू हुन् कि
मानव चेतनाहरुमा ?

**अलमलिएका पाइलाहरू,** 'दक्षप्रजापतिहरू' पृ.२९

कवि पागलका यी कविताहरूमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको व्यापकता पाइनुका साथै भाषाशैली सरल, सुबोध, लयात्मक एवं संगीतात्मक रही कथ्य वा भावलाई संवेद्य तुल्याएर पाठकलाई सम्प्रेषण गर्न सक्षम रहेको देखिन्छ ।

## ५.९ निष्कर्ष

वि.सं. २०४६ देखि वि.सं. २०६२ सम्म प्रकाशित **जीवन भागिरहेछ, यात्रा अलमलिरहेछ, गोरेटोको खोजी, अलमलिएका पाइलाहरू** नामक यी चार कविता संग्रहहरू हुन् । उक्त चार कविता संग्रहमा कविता, क्षणिका र गीत गरि जम्मा १६८ शीर्षकहरू समावेश भएका छन् । जसमा १४८ कविता, १९ क्षणिका र एक गीत समावेश छन् । यिनका कविता क्षणिका र गीतहरूमा आर्थिक, सामाजिक, राजनैतिक आदि विषयले जन्माएको विकृति र विसंगति, अन्याय, अत्याचार, भ्रष्टाचार आदिले प्रादुर्भूत गरेको विसंगति र हरेक विसंगतिले उत्पन्न गरेका विकृतिहरूको चीरफार गर्ने प्रयत्नका स्वरहरू मुखरित भएका छन् । उपमा, विम्ब र प्रतीकहरूलाई स्वस्फूर्तता पूर्वक महत्त्व दिने कवि पागलले वाच्यार्थ तथा लक्षार्थलाई शब्दका माध्यमबाट प्रस्तुत गरेका छन् । यसका साथै उनका कवितामा समाज भित्रका अन्य पक्षहरूपनि समावेश भएका छन् । सोझा निमुखा मानिसलाई हप्काइ दप्काइ गरी

आफुलाई ठूलो बनाउन खोज्नेहरू प्रति तीब्र आक्रोश व्यक्त गरेका छन् । समाजमा रहेका पुराना रूढीवादी मान्यता एवं कुसंस्कारको भण्डाफोर गर्दै सुसंस्कृत समाजको विकास गर्न प्रेरित गरेका छन् । प्रकृति र मानव सभ्यताका बीचको तादात्म्य सम्बन्धलाई पनि उनका कविताहरूले समेटेका छन् । आफ्ना अधिकारबाट वञ्चित मानिसहरूलाई त्यसको विरोधमा संघर्ष गर्न सल्लाह एवं सन्देश प्रवाहित गर्दै समाजलाई उन्नति एवं विकासको बाटोतर्फ अगाडि बढाउन प्रोत्साहन गरेका छन् । आफ्नो राष्ट्र नेपाल र नेपाली जातिलाई असाध्य माया गर्ने कवि भएकाले उनका कविताहरूमा देशप्रेमको भाव पनि ओतप्रोत रूपमा पाउन सकिन्छ ।

# छैटौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ६.१ सारांश

पुर्ख्यौली थलो सगरमाथा अञ्चल खोटाङ जिल्ला दिक्तेलको मङ्गलटार भएपनि उपेन्द्र पागलको जन्म सुनसरी जिल्लाको मधेसा गा.वि.स. वडा नं. १ मा वि.सं. १९९९ पौष ५ गते भएको हो । उनी श्रीध्वज र नरमाया बस्नेतका ज्येष्ठ पुत्र हुन् । उपेन्द्रको बाल्यकाल दिक्तेलमा नै बित्यो । बस्नेतले घरका सदस्य तथा मामा सकसबहादुरका लालन पालन एवं शिक्षा-दीक्षाबाट औपचारिक शिक्षा पुरा गरे । उनले धरानको पब्लिक हाईस्कुल हुँदै तत्कालीन पिण्डेश्वर महाविद्यालयबाट शिक्षा सुरु गरी वि.सं २०४७ मा महेन्द्र मोरङ्ग आदर्श बहुमुखी क्याम्पस विराटनगरमा एम्.ए र २०४५ सालमा सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर मोरङ्गमा बि.एड् सम्मको औपचारिक शिक्षा हासिल गरे । २०१४ सालमा बिवाह गरेका बस्नेत, छ छेरी र चार छोराका पिता भए पनि अहिले केवल छ छोरीहरू मात्र रहेको बताउँछन् । नृत्यकला, चित्रकला तथा कथा, निबन्ध, नाटक, काव्य आदि विधामा उन्मुख भएका उपेन्द्रले उत्तरमध्यमा (प्रवीणता प्रमाणपत्र तह) को अध्ययन पश्चात् गाँउपञ्चायतमा सचिव हुँदै अधिकृतसम्मको जिम्मेवारी समालेका थिए । उनले आफ्ना जीवनका अभाव, कुण्ठा, पीडा, पारिवारिक सन्तान वियोग आदिका अनुभव-अनुभूतिहरू पोख्ने माध्यम पनि साहित्यलाई बनाए ।

जीवनलाई गीताको कर्मवादी दर्शनबाट हेर्ने बस्नेतले नेपाली साहित्यका विविध विधामा कलम चलाइ एक खण्डकाव्य, चार कविता संग्रह, एक समालोचना संग्रह, एक निबन्ध संग्रह, एक कथा संग्रह तथा अन्य लेख, टिका-टिप्पणी आदि पत्र-पत्रिकाहरूमा प्रकाशित गरे । वि.सं. २०१४/०१५ मा **शिकार** शीर्षकको कथाबाट साहित्य यात्रा आरम्भ गरेका पागलले वि.सं. २०४५ मा **शीतको थोपा** नामक खण्डकाव्य प्रकाशन गर्न पुगे । लामो समय सम्म निजामति सेवा क्षेत्रमा काम गरेका

पागल कवि व्यक्तित्वका साथै कथाकार, निबन्धकार, नाटककार, समालोचनाकार, सम्पादक, चित्रकार आदिमा अगाडि बढेका देखिन्छन् । आफ्नो संघर्षपूर्ण जीवनका आरोह अवरोह, घात प्रतिघात जस्ता वैयक्तिक कुण्ठालाई कविता, कथा, निबन्ध आदिका माध्यमबाट अभिव्यक्त गरेका छन् ।

वि.सं. २०१४/०१५ देखि नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका पागलका पुस्तकाकार कृतिहरू एघार वटा रहेको भए तापनि काव्य साहित्यका क्षेत्रमा पाँचवटा कृतिहरू प्रकाशित भएका छन् । यी कृतिहरू मध्ये उनको पहिलो कृति **शीतको थोपा** नामक खण्डकाव्य हो । यस काव्यको लेखन समय वि.सं. २०२५ हो भने प्रकाशन समय वि.सं. २०४५ हो । लेखन र प्रकाशनको समयावधि केही अन्तर भएपनि यस भित्र रहेका अनुभूतिजन्य प्रभाव भने सार्वकालिक हुन पुगेका देखिन्छन् । जीवन र जगत् सम्बन्धी सूक्तिमय संक्षिप्त अभिव्यक्तिहरू भरिएको यस खण्डकाव्यमा ठोस आख्यानबीज भने पाइँदैन । विम्बात्मक एवं प्रतीकात्मक रूपमा प्रस्फुटित भएको यस खण्डकाव्यलाई कविले जीवनको यथार्थबोध मानेका छन् ।

त्यस्तै २०४६ सालमा प्रकाशित भएको **जीवन भागिरहेछ** नामक कविता संग्रहमा संकलित कविताहरूले तत्कालिन परिवेशमा जीवन संघर्षका क्रममा देखापरेका सामाजिक, विरोधाभाष, विषमता, विसंगति, विकृति, वितृष्णा र विश्वमानवताका धुकधुकीहरूलाई आत्मसाथ गरेका छन् । विशेष गरी मानवता, मानवीय जीवन र राष्ट्रभक्तिका रागहरू उराल्न समर्थ छन् । कतै-कतै रमरम र कतै-कतै काल्पनिक सत्यता पाइने यस संग्रहका कविताहरूले शील्पगत लालित्य, भावगत सरसरता, सामाजिक वास्तविकता र नैसर्गिक यथार्थता उद्भाषित गर्न सक्षम देखिन्छन् ।

त्यस्तै वि.सं. २०४७ मा प्रकाशित भएको अर्को कविता संग्रह हो **यात्रा अलमलिरहेछ** । यस संग्रहका कविताहरूमा कविले मानवीय मर्मका सूक्ष्म सम्वेदनाहरूलाई आफ्नै अनुभव र आत्मपीडाका रूपमा सहज ढंगले सजीवताका

साथ प्रस्तुत गरेका छन् । राष्ट्रिय अन्तराष्ट्रिय स्थितिबोधका झिल्का झिल्किहरू, देशप्रेमका भावनाहरू, प्राकृतिक सौन्दर्यमय दृश्यावलीहरू विसंगत जीवनका भौतिक भोगाइहरू र आत्म सम्वेदनाका मार्मिक अनुभूतिहरू स्वच्छन्द रूपमा यस संग्रहका कविताहरूमा अभिव्यक्त भएका छन् । यस संग्रहका कविताहरू प्रणय, विद्रोह, आस्था, अनास्था, र राष्ट्रप्रेमका चिन्तनहरूले ओतप्रोत देखिन्छन् ।

त्यस्तै अर्को चौथो काव्य संग्रहका रूपमा वि.सं. २०५४ मा **गोरेटोको खोजी** नामक कवितासंग्रह प्रकशित हुन्छ । यस संग्रहमा संकलित कविताहरूले राष्ट्रिय जीवनधारका अनेकौं पक्ष-विपक्षहरूलाई समेटेका छन् भने ग्रामीण जन जीवनप्रति भएका मोह र सहरीया जीवनमा भएका विश्रृंखलताका भावहरूलाई अभिव्यक्त गरेका छन् । कतिपय कविताहरूमा देशभक्ति र देश निर्माणको भावधारा अँगालिएको छ भने प्राय : कविताहरूमा समकालीन नेपाली जीवनका सामाजिक, आर्थिक एवं सांस्कृतिक पक्षमा देखापरेका वेथिति र विसंगति प्रतिको व्यंग्य भाव पनि पाइन्छ ।

कवि पागलको अन्तिम तथा पाँचौ काव्य संग्रहका रूपमा प्रकाशित कविता संग्रहको नाम हो **अलमलिएका पाइलाहरू** (२०६२) । यसमा संग्रहित कविताहरूले तत्कालीन समयका राजनैतिक घटनाक्रम र त्यसबाट उब्जिएका राष्ट्रिय राजनैतिक विसंगति, राष्ट्रिय अन्तराष्ट्रिय साम्राज्यवादी तथा विस्तारवादी एवं सामाजिक शोषण, दमन तथा उत्पीडनले जन्माएको नैराश्यता अनि अन्याय, अत्याचार, भ्रष्टाचार आदिले प्रादूर्भुत गरेको विसंगति र यसबाट उत्पन्न विकृतिहरूको चिरफार गर्ने प्रयत्न गरेका छन् । उपमा, विम्ब र प्रतीकहरूको स्वस्फूर्त विधान भएका यस संग्रहका कविताहरूमा साहित्य, कला र संगीतको एकत्र आभाष पाउन सकिन्छ ।

## ६.२ निष्कर्ष

कवि उपेन्द्र पागल बस्नेतले आफ्नो जीवनलाई केन्द्रविन्दु बनाएर लेखेका कविताहरूमा आफूले देखेका, भोगेका र अनुभव गरेका विविध पाटाहरूलाई समेट्ने प्रयास गरेका छन् । प्रेम, सौन्दर्य, जीवन दर्शन, युगबोध, मानवतावादी चिन्तन,

सामाजिक राजनैतिक व्यंग्यविद्रोह एवं कर्मवादी चिन्तनलाई विम्बात्मक तथा प्रतीकात्मक रूपमा उनले आफ्ना कविताहरूमा उतारेका छन् । यसैगरी विम्ब, प्रतीक र मिथकको प्रयोगमा बस्नेत पूर्वीय तथा पाश्चात्य दर्शनबाट पनि यथेष्ट प्रभावित देखिन्छन् । यिनका कविताहरूको भाषा सरल तथा सरस नै रहेको पाइन्छ ।

बस्नेतले साहित्यका विभिन्न विधाहरूमध्ये कविता विधाका रचना नै बढी रचेका छन् । उनी कथाकार, निबन्धकार, चित्रकार, समालोचक र अध्यापन व्यक्तित्वमा पनि उत्तिकै सक्रिय देखिन्छन् तापनि उनी कवि नै हुन् । परम्परागत काव्यलेखनको शैलीभन्दा पृथक् ढंगले कविता सृजना गर्न उनी सक्षम देखिन्छन् । कवि पागलले गद्य र पद्य दुवै शैलीमध्ये गद्य शैलीमा नै विशिष्टता देखाएका छन् । उनका कवितामा वर्तमानको यथार्थलाई कलात्मक ढंगले चित्रण गरेको पाइन्छ । विम्ब प्रतीकको भरपूर प्रयोग गरी लेखिएका उनका कविता पाठक वा पठनका दृष्टिले क्लिष्ट देखिए तापनि भावविधानका दृष्टिले सरल सहज देखिन्छन् । कवि पागलले तत्कालीन विकृति र विसंगतिप्रति कविताका माध्यमबाट विद्रोहको स्वर उरालेका छन् । समाजवादी, यथार्थवादी, जीवनवादी, अस्तित्ववादी प्रवृत्तिको मिश्रण यिनका कविताहरूमा पाइन्छ । विश्वपरिप्रेक्ष्यमा दिन-प्रतिदिन बढ्दै गएको दुच्छर अमानवीय प्रवृत्ति, शक्तिको होडबाजी, शस्त्र-अस्त्रको प्रयोगभित्र रुमल्लिएको मानवले आफ्नै अस्तित्वको रक्षाका निम्ति सदैव सचेत रहनुपर्ने सुविचार पनि यिनले आफ्ना कविताहरूमा प्रस्तुत गरेका छन् । यिनै विविध दृष्टिले यिनको काव्यकारिता विशिष्ट बनेको छ ।

## सन्दर्भसामग्री सूची


अवस्थी, महादेव (२०६१), **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** काठमाडौं : एकता बुक्स ।

अवस्थी, महादेव (२०६४), **आधुनिक नेपाली महाकाव्य र खण्डकाव्यको विमर्श,** काठमाडौं : इन्टेलेक्च्युअल्ज बुक प्यालेस ।

ओझा, खेमराज (२०६४), **कवि उपेन्द्र 'पागल' का कविताको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, स्नातकोत्तर क्याम्पस, विराटनगर ।

गड्तौला, नारायण (२०७०), **रस र ध्वनि सिद्धान्त,** काठमाडौं : प्रगति पुस्तक प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), **समकालीन नेपाली कविताको विम्बपरक विश्लेषण,** ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६६),**समकालीन नेपाली कविताका प्रवृत्ति,** काठमाडौं : पैरवी प्रकाशन ।

चापागाईं, नरेन्द्र (२०५१), **केही सिद्धान्त : केही विश्लेषण,** विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६३), **नेपाली कविता र काव्य,** काठमाडौं : एम् के पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

तिम्सिना, अनिरूद्ध (२०६१), **साहित्य सौगात :** पूर्णाङ्क : ५९, पृ. ६१ ।

त्रिपाठी, वासुदेव र अन्य (२०६४) **नेपाली कविता भाग ४,** ललितपुर : साझा प्रकाशन ।

निरौला, खगेन्द्र (२०४८), **नेपाल परिचय,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

पागल, उपेन्द्र (२०४५), **शीतका थोपा खण्डकाव्य,** सुनसरी : श्रीमती बृन्दा बस्नेत ।

पागल, उपेन्द्र (२०४६), **जीवन भागिरहेछ कविता संग्रह,** विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

पागल, उपेन्द्र (२०४७), **यात्रा अलमलिरहेछ कविता संग्रह,** सुनसरी : श्रीमती बृन्दा बस्नेत ।

पागल, उपेन्द्र (२०५४), **गोरेटोको खोजी कविता संग्रह,** सुनसरी : लेखक स्वयम् ।

पागल, उपेन्द्र (२०६२), **अलमलिएका पाइलाहरू कविता संग्रह,** चन्द्रगढी : जुही प्रकाशन ।

भट्टराई, जीवन (२०६१), **उपेन्द्र बस्नेतको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, स्नातकोत्तर क्याम्पस, विराटनगर ।

शर्मा, तारानाथ (२०५१), (ते.सं.) **नेपाली साहित्यको इतिहास,** काठमाडौं : नवीन प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।